# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ४३ | काठमाडौं | शुक्रबार, २२ जेठ २०८३ | Prabhab National Daily | Friday, 5 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# बालेन शैलीका कारण रास्वपामा चुलिँदै असन्तुष्टि

- रास्वपा सांसदहरू आफ्नै मन्त्री भेट्न नपाउँदा प्रधानमन्त्रीको सचिवालय पुगेर रोइकराई गर्छन्
- पार्टी प्रस्ट रूपमा तीन चिरामा देखिसक्दा पनि केही बोल्न नपाउँदा उकुसमुकुस सुनिन्छन्
- सरकारमा प्रधानमन्त्री वालेन्द्र शाहको 'वान मेन शो' शैलीले न त मन्त्रीले काम गर्न सकेका छन् न त कर्मचारीले नै





**प्रभाव संवाददाता**

**काठमाडौं–** फागुन २१ गतेको निर्वाचनबाट सबैभन्दा ठुलो दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)भित्र असन्तुष्टि चुलिन थालेको छ । प्रधानमन्त्री वालेन्द्र शाह बालेन नेतृत्वको सरकारको कार्यशैलीका कारण पार्टीभित्र असन्तुष्टि चुलिन थालेको हो ।

बालेन नेतृत्वको मन्त्रिपरिषद्का अधिकांश सदस्यहरूले आफ्नै सांसदहरूलाई मन्त्रालयमा पहुँच नदिँदा असन्तुष्टि चुलिँदै गएको एक सांसदले बताए । 'हिजोआज हाम्रा सांसदहरू आफ्नै मन्त्री भेट्न पाउँ भन्दै प्रधानमन्त्रीको सचिवालय धाउँछन् । मन्त्रीले फोन उठाएनन् भनेर आँशु झार्छन्,' रास्वपाका एक सांसदले भने ।

चैत १३ गते सरकारको नेतृत्व सम्हालेका शाहले आफ्नै सचिवालयमार्फत धेरैजसो मन्त्रालय सञ्चालन गर्दै आएका छन् । प्रमुख सल्लाहकार कुमार बेन, राजनीतिक सल्लाहकार असिम शाहमार्फत प्रधानमन्त्री शाहले सबैजसो मन्त्रालयमा आफ्नो दबदबासमेत राखेका छन् । यही कारण अहिले रास्वपाका सांसदहरू उकुसमुकुस हुन थालेका हुन् । 'बोल्न कतै पाइँदैन । नयाँ भनेर आएको सरकारको काम प्रभावकारी रूपमा कतै देखिएको छैन । यसले हामीलाई निकै असहज हुन थालेको छ,' अर्का सांसदले भने । यसरी असन्तुष्टि पोख्ने अधिकांश सांसद सभापति रवि लामिछाने समूहका हुन् ।

प्रधानमन्त्री शाहले अर्थबाहेक महत्वपूर्ण मानिने गृह र रक्षा मन्त्रालय आफू मातहात राखेका छन् । यसैगरी प्रविधि तथा नवप्रवर्तन विषयको मन्त्रालयसेत शाहले आफू मातहात ल्याएका छन् । यसरी शक्ति बटुलेका प्रधानमन्त्री शाह गुटबाट १५ सदस्यीय सरकारमा उनीसहित ८ जना मन्त्री छन् । शाह गुटमा प्रवक्तासमेत रहेका शिक्षामन्त्री सस्मित पोखरेल, पूर्वाधार विकास मन्त्री सुनील लम्साल, सञ्चार मन्त्री डा. विक्रम तिमिल्सिना, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खड्गराज पौडेल, युवा, श्रम तथा रोजगार रामजी यादव, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहता, र महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्री सीता वादी सरकारमा छन् ।

बालेन मन्त्रिपरिषद्मा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलमात्र सभापति लामिछाने गुटकी हुन् । बाँकी मन्त्रीहरूमा परराष्ट्र मन्त्री शिशिर खनाल, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराजभक्त श्रेष्ठ, कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतम, कृषि, वन तथा वातावरण मन्त्री गीता चौधरी अर्थमन्त्री वाग्ले गुटको बताइन्छ । सरकार गठन भएको दुई महिना नपुग्दै रास्वपामा स्पष्ट तीन धार देखिएको हो । यसले सरकारको कार्यसम्पादनमा समेत अवरोध पुगिरहेको रास्वपा सांसदहरू बताउँछन् । 'सरकार सञ्चालनको केही अनुभव छैन । सचिवालयले मन्त्रालय चलाउन खोज्दा कर्मचारीले टेर्दैनन् । कर्मचारीले रिस्क लिँदा कारबाहीमा परिने डरले काम अघि बढ्न सकेको छैन,' रास्वपाका सांसदले भने ।

सरकारका अधिकांश कामहरूमा प्रधानमन्त्री शाहको सचिवालयको प्रत्यक्ष हस्तक्षेप हुन थालेसँगै सभापति लामिछाने पक्षका सांसद, पदाधिकारी र केन्द्रीय सदस्यहरू असन्तुष्ट हुन थालेका छन् । बालेनले आइतबार संसदमा प्रश्नोत्तरका क्रममा नेपालले पनि भारतको जग्गा मिचेको छ भन्ने अभिव्यक्तिका कारण पार्टीभित्रको असन्तुष्टि सतहमा आउन थालेको नेताहरू बताउँछन् ।

क्रमशः पृष्ठ २ मा

# सम्पत्ति छानबिन आयोगको कार्यादेशमा प्रतिशोधको गन्ध

> कांग्रेसका हरेक नेताले सम्पत्ति छानबिनमा सहयोग गर्छन् तर विश्वनियता, निष्पक्षता र पारदर्शीता हुनुपर्छ । चयनात्मक सिंद्धान्त लागू गर्नु हुँदैन, वर्तमान राजनीतिक नेतृत्व पनि छानबिनमा आउनुपर्छ
>
> **गगन थापा**
> सभापति, नेपाली कांग्रेस



**जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाह बालेन नेतृत्वको सरकारले गठन गरेको उच्चस्तरीय सम्पत्ति छानबिन आयोगको काम अघि बढ्दै जाँदा सरकारमाथि राजनीतिक प्रतिशोधको आरोप लागेको छ । सरकारले आयोगलाई सुशासन स्थापना, भ्रष्टाचार नियन्त्रण र सार्वजनिक पदमा बसेकाहरूको सम्पत्ति छानबिन गर्ने उद्देश्यसहित गठन गरेको दाबी गरे पनि आयोगको कार्यादेश, छानबिनको दायरा र त्यसको कार्यान्वयन प्रक्रियाले सरकारको नियतमाथि गम्भीर प्रश्न उठाएको छ ।

आयोगले २०६२/६३ सालयता सार्वजनिक पदमा रहेका राजनीतिज्ञ, उच्च कर्मचारी, सुरक्षा निकायका अधिकारी, संवैधानिक निकायका पदाधिकारी तथा स्थानीय तहका प्रमुख-उपप्रमुखहरूको सम्पत्ति विवरण माग गरेको छ । आयोगका अनुसार छानबिनको दायरामा झन्डै ३५ हजार व्यक्ति पर्छन् । तर, समयसीमा सकिन लाग्दा हालसम्म करिब ६ सय जनाले मात्रै सम्पत्ति विवरण बुझाएका छन् भने करिब ४ सय उजुरी दर्ता भएका छन् ।

यही क्रममा आयोगको वैधता, निष्पक्षता र उद्देश्यबारे व्यापक बहस सुरु भएको छ । प्रमुख विपक्षी दल नेपाली कांग्रेसका सभापति गगन थापाले पार्टीका सबै नेताले सम्पत्ति विवरण बुझाउने तर आयोगको निष्पक्षता, पारदर्शिता र विश्वसनीयतामा प्रश्न उठाए । नभए आयोगको औचित्य नहुने उनको भनाइ छ । उनले वर्तमान राजनीतिक नेतृत्व अर्थात् प्रधानमन्त्री शाह पनि छानबिनको दायरामा आउनुपर्ने धारणा राखेका छन् । चयनात्मक सिद्धान्त लागू गरे त्यो मान्य नहुने बताए ।

'कांग्रेसका हरेक नेताले सम्पत्ति छानबिनमा सहयोग गर्छन् तर विश्वनियता, निष्पक्षता र पारदर्शीता हुनुपर्छ,' थापाले बिहीबार भने, 'चयनात्मक सिंद्धान्त लागू गर्नु हुँदैन, वर्तमान राजनीतिक नेतृत्व पनि छानबिनमा आउनुपर्छ ।'

विपक्षी दल नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आयोगलाई नै अस्वीकार गर्दै सरकारमाथि प्रतिशोधको राजनीति गरेको आरोप लगाएका छन् ।

बुधबार आयोगलाई सम्पत्ति विवरण नबुझाउने घोषणा गर्दै उनले भने, 'यस्ता आयोगलाई हामी मान्यता दिँदैनौँ । सम्पत्ति विवरण भरेर पठाइदिन्नँ । अस्ति खरानी पारेर भएन ? के को सम्पत्ति ? खरानी छ, भरेर लैजाउ ।'

ओलीको अभिव्यक्तिले सम्पत्ति छानबिन आयोगको बहसलाई सुशासनको मुद्दाभन्दा राजनीतिक प्रतिशोधको बहसतर्फ मोडिदिएको छ । विपक्षी दलहरूले आयोगको गठनदेखि कार्यादेशसम्मको प्रक्रिया नियोजित रूपमा आफूहरूविरुद्ध प्रयोग गर्न खोजिएको दाबी गर्न थालेका छन् ।

सरकारमाथि उठेको सबैभन्दा ठूलो प्रश्न आयोगलाई दिइएको कार्यादेशसँग सम्बन्धित छ । सरकारले सार्वजनिक रूपमा २०६२/६३ सालदेखि २०८२ चैत मसान्तसम्म सार्वजनिक जिम्मेवारीमा पुगेका सबै व्यक्तिको सम्पत्ति छानबिन हुने बताएको थियो । तर, आयोगलाई दिइएको कार्यादेशमा अहिलेको मन्त्रिपरिषद्का सदस्य तथा संसदमा पहिलो पटक निर्वाचित भएका सांसदहरूलाई छानबिनको दायराबाहिर राखिएको तथ्य सार्वजनिक भएपछि सरकार आलोचनाको केन्द्रमा परेको हो ।

यस व्यवस्थाले स्वयं प्रधानमन्त्री शाह, मन्त्रिपरिषद्का धेरै सदस्य र संसदका थुप्रै सांसदहरूलाई प्रत्यक्ष रूपमा छानबिनबाट उन्मुक्ति दिएको देखिन्छ । यही कारण सरकारले आफूलाई जोगाउँदै विपक्षी र विगतका शासकहरूलाई मात्रै निशाना बनाउन खोजेको आरोप लाग्न थालेको छ ।

जेन-जी अभियन्ता सरिष्मा थापाले सम्पत्ति छानबिन २०६२/०६३ पछि हालसम्मका सबै सार्वजनिक पदाधिकारीको हुनुपर्ने बताइन् । उनले भनिन्, 'अहिलेको सरकार त सुन सरकार भनेर चिनियो । यो सरकारका प्रधानमन्त्री, मन्त्रीलाई अलग राखेर अरुको मात्रै छानबिन गरियो भने त्यो प्रतिशोध हुनेछ । छानबिन सबैको गर्नुपर्छ ।'

उनले सम्पत्ति छानबिनको दायरामा नयाँ र पुराना दुवै नेता आउनुपर्ने बताए । उनका अनुसार भ्रष्टाचार संरचनागत समस्या भएकाले राज्यशक्तिसँग जोडिएका सबै व्यक्तिमाथि समान मापदण्ड लागू हुनुपर्छ । वर्तमान मन्त्रिपरिषद्का सदस्यहरूको सम्पत्ति सार्वजनिकै प्रश्न उठेको भन्दै उनले भनिन्, 'अहिलेका प्रधानमन्त्री र मन्त्रीहरूलाई छानबिनको दायराबाट अलग राख्नु गलत र ढाकछोपको प्रयत्न मानिने छ ।'

आयोगको दायरामाथि प्रश्न उठाउँदै पूर्वन्यायाधीशहरूले सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था आफ्नो हकमा बाध्यकारी नरहेको निष्कर्ष निकालेको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## वैदेशिक रोजगार व्यवसायी संघमा चुनावी माहोल शुरू

# अध्यक्षमा आधा दर्जन बढी आकांक्षी

**ममता थापा**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन रोक्न उच्च अदालत पाटनले अस्विकार गरेको छ । संघको निर्वाचन तथा साधारणसभा रोक्न निवर्तमान अध्यक्ष भुवनसिंह गुरुङले अन्तरिम आदेश माग गर्दै दायर गरेको रिटमा उच्च अदालत पाटनले बिहीवार अन्तरिम आदेश नदिने फैसला गरेको हो ।

योसँगै आइतबार संघको निर्वाचन हुने पक्का भएको छ । संघ वादी रहेको उक्त रिटमा जिल्ला प्रशासन कार्यालय, बबरमहल र नेपाल वैदेशिक रोजगार व्यवसायी संघ प्रबन्ध समितिलाई प्रतिवादी बनाइएको थियो । उक्त रिट न्यायाशीश शिवबहादुर रानाभाटको इजलासमा छलफल भएको थियो । अदालतले अन्तरिम आदेश नदिएसँगै प्रबन्ध समितिले अगाडि बढाएको निर्वाचन केन्द्रित गतिविधि विधानसम्मत ठहर भएको छ ।

अब नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन पनि निर्वाचनमा जाने भएको छ । गुरुङ नेतृत्वको कार्यसमिति विघटन भएपछि निर्वाचन नहुने दाबी गर्दै आएको एसोसिएसन अदालतको फैसलासँगै लोकतान्त्रिक प्रक्रियामा सहभागी हुन तयार भएको हो । निवर्तमान अध्यक्ष गुरुङ एसोसिएसनका तर्फबाट उम्मेद्वार थिए ।

बिहीबार एसोसिएसनका अध्यक्ष दिपक थापाले निर्वाचनमा सहभागिता सुनिश्चित गर्न आवश्यक प्रक्रिया पुरा गर्न आह्वान गरेका छन् । भुवनसिंह गुरुङको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै गत वैशाख १४ गते कार्यसमितिका सात जना पदाधिकारीमध्ये पाँच जना र १० जना सदस्यमध्ये छ जनाले सामूहिक राजीनामा दिएका थिए । संघको विधानको दफा २६को उपदफा(४)को व्यवस्था बमोजिम तत्कालीन कार्यसमिति स्वतः विघटन भएर निर्वाचन गराउन प्रबन्ध समिति गठन भएको थियो ।


- नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन रोक्न उच्च अदालत पाटनले अस्विकार गरेसँगै आइतबार संघको निर्वाचन हुने पक्का भएको हो
- संघको अध्यक्षमा नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालमा आवद्ध आधा दर्जन व्यवसायी आकांक्षी देखिएका छन्
- नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डेले स्वतन्त्र रूपमा उम्मेद्वारी दिने भएका छन्
- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) निकट स्वतन्त्र व्यवसायीले भने उम्मेद्वारी दिन इच्छुकलाई फारम भर्न लगाएर उनीहरूको अनुभव, क्षमता र दक्षताको मूल्याङ्कन गरेर निष्पक्ष हिसाबले उम्मेदवार छनौट गर्ने जनाएको छ


# नजर नेतृत्वतिरै

संघको अध्यक्षमा नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालमा आवद्ध व्यवसायीहरू आकंक्षी देखिएका छन् । एसोसिएसनबाट संघका निवर्तमान द्वितिय उपाध्यक्ष देवकुमार खोखाली, पूर्व महासचिव मेघनाथ भुर्तेल र संघका निवर्तमान सल्लाहकार नवराज केसी अध्यक्षका दाबेदार हुन् । यता प्रगतिशील मञ्चबाट वरिष्ठ उपाध्यक्ष डिकबहादुर खत्री कुमार, संघका निवर्तमान तृतिय उपाध्यक्ष वैकुण्ठ वैभव, महासचिव मिलन कट्टेल र मुक्तिनाथ अधिकारीको दाबेदारी छ । लोकतान्त्रिक एसोसिएनबाट प्रज्ञान न्यौपानले पनि नेतृत्वमा दाबी गरेका छन् ।


नवराज केसी



मेघनाथ भुर्तेल



डिकबहादुर खत्री


देवकुमार खोखाली


वैकुण्ठ वैभव


मिलन कट्टेल


हरि ब. पाण्डे


प्रज्ञान न्यौपाने

अध्यक्षका आकांक्षीले आफ्नो योगदान, क्षमता र एजेन्डा हेरेर आफूलाई टिकट दिनपर्ने दाबी गरेका छन् । एसोसिएसनका तर्फबाट संघका निवर्तमान द्वितिय उपाध्याक्ष खोखाली आफू निडर र व्यवसायीको हितमा अहोरात्र खट्न सक्ने उम्मेद्वार भएकाले आफू नै योग्य भएको बताउँछन् । संघमा रहँदा आफूलाई दिइएको जिम्मेवारी कुनै दबाव र प्रभावमा नपरी निभाएको उनको भनाइ छ । 'संघको उपाध्यक्ष हुँदा मलेसिया सिन्डिकेटविरुद्ध निर्भिक भएर संयोजकको दायित्व पुरा गरें । विभागीय संयोजकको हिसाबले वैदेशिक रोजगार विभागलाई गुण्डारहित बनाएँ,' खोखालीले भने, 'पहिला विभागमा छिर्दा डराउनपर्ने अवस्था थियो भने अहिले जोसुकैलाई सुरक्षित महसुस हुन्छ ।'

पूर्व महासचिव मेघनाथ भूर्तेल पनि आफू जिम्मेवारीमा हुँदा उदाहरणीय काम गरेको स्मरण गर्छन् । अहिले व्यवसायीको कुरा सुन्ने सरकारमार्फत विगतका अधुरा समस्या समाधान गराउन आफू योग्य र अनुभवी भएको उनको दाबी छ । 'संघमा अघिल्लो पटक महासचिवको भूमिका राम्ररी निभाएर संघको भवन स्थापना गरेर निस्किएको हो ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## सम्पत्ति छानबिन...

फोरमका महासचिव शम्भुबहादुर खड्काका अनुसार राजपत्रमा प्रकाशित सूचनाको भाषिक व्याख्या गर्दा सबै पूर्वन्यायाधीशलाई सम्पत्ति विवरण बुझाउनुपर्ने आशय नदेखिएको निष्कर्षमा उनीहरू पुगेका हुन् ।

पूर्वन्यायाधीशहरूले न्यायाधीशहरूको आचरण, सम्पत्ति र गतिविधिको अनुगमन गर्न संविधानले न्याय परिषद्लाई छुट्टै अधिकार दिएको तर्क पनि अघि सारेका छन् । उनीहरूको यो अडानले आयोगको अधिकारक्षेत्रबारे थप विवाद सिर्जना गरेको छ ।

सरकारमाथि उठेको अर्को प्रश्न आयोगको दायरासँग सम्बन्धित छ । आयोगले पूर्वराजा, राजपरिवारका सदस्य, पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति तथा बहालवाला राष्ट्रपति र उपराष्ट्रपतिको सम्पत्ति छानबिन नगर्ने स्पष्ट पारेको छ । आयोगका एक सदस्यका अनुसार यस्ता व्यक्तिहरूको सम्पत्ति परीक्षण गर्ने कार्यादेश आयोगलाई दिइएको छैन ।

सम्पत्ति छानबिन आयोग सुशासनको ठूलो एजेन्डाका रूपमा गठित संयन्त्र हो । तर, आयोग गठन भएदेखि नै उठेका प्रश्नहरूले यसको विश्वसनीयतामाथि चुनौती थपेका छन् । वर्तमान सरकार आफैंलाई दायराबाहिर राखेर विगतका राजनीतिक नेतृत्व, कर्मचारी र अन्य सार्वजनिक पदाधिकारीलाई मात्रै केन्द्रित गरेको आरोप बढ्दो छ । विपक्षी दलले यसलाई प्रतिशोधको औजार भनेका छन् भने कानुनविद् र सुशासन अभियन्ताहरूले पनि आयोगको संरचना र कार्यादेशमा सुधार आवश्यक रहेको बताएका छन् ।

यस्तो अवस्थामा आयोगले आफ्नो निष्पक्षता प्रमाणित गर्न सकेन भने सरकारको सुशासन अभियानभन्दा पनि प्रतिशोधी राजनीतिक अभियानका रूपमा यसको मूल्यांकन हुन सक्ने देखिएको छ । आयोगले आगामी दिनमा कसरी काम गर्छ र सबै पक्षप्रति समान व्यवहार देखाउन सक्छ कि सक्दैन, त्यसैले बालेन सरकारमाथि लागेको प्रतिशोधको आरोपको परीक्षण गर्नेछ ।

यद्यपि, सरकारका प्रवक्ता सस्मित पोखरेलले हालै आयोगले निष्पक्ष ढंगले सम्पत्ति छानबिन गर्ने बताएका थिए । उनले निष्पक्ष र पारदर्शी रूपमा आयोगले कार्यादेशमा टेकेर छानबिन गर्ने भन्दै शंका नगर्न आग्रह गरेका थिए ।

■■■

## बालेन शैलीका...

गत पुसमा भएको ७ बुँदे सहमति अनुसार बालेन रास्वपाको तर्फबाट संसदीय दलको नेता चयन हुँदै प्रधानमन्त्री बनेका थिए भने रवि लामिछानेले पार्टीको कमान्ड सम्हालेका थिए ।

तर, सरकार गठन भएको दुइ महिना बितिसक्दा पनि बालेनले 'काठमाडौंको मेयर' हुँदाकै शैलीमा सीमित सल्लाहकार हरूको घेरामा मात्र बसेर एकलौटी निर्णय गर्ने प्रवृत्ति नछाडेको रास्वपा नेताहरूको आरोप छ ।

प्रधानमन्त्रीको 'वन-म्यान शो' कायमै रहे रास्वपाले 'राइट टु रिकल' वा संसदीय दलको नयाँ निर्णयमार्फत नेतृत्व परिवर्तन गर्ने वा सरकारलाई कडा दलीय अंकुशभित्र ल्याउनेजस्ता अन्य विकल्पमा छलफल चलाउने तयारी भित्रभित्रै शुरु गरेको छ ।

यता सभापति लामिछानेको भारत भ्रमणले रास्वपाभित्र वरिष्ठ नेतासमेत रहेका प्रधानमन्त्री शाह समूहभित्र तरंग पैदा भएको बताइन्छ । प्रधानमन्त्री शाहलाई भन्दा पनि सभापति लामिछानेलाई भारतले मेजमानी दिएको हुनाले शाहको सचिवालयमा यस विषयमा छलफल हुन थालेको हो । कतिपयले लामिछाने भारतबाट फर्केपछि सरकार हेरफेरको कसरत शुरु हुने चर्चासमेत गरेका छन् । यद्यपि रास्वपाले असारको ७ देखि ९ गतेसम्म चितवनमा महाधिवेशन तय गरेको छ । उक्त महाविधेशन सकिएपछिमात्र सभापति लामिछानेले सरकार हेरफेरको कसरत गर्ने बताइएको छ ।

जेठ १८ गते भारत भ्रमणमा निस्किएका लामिछाने आज काठमाडौं आइपुग्नेछन् । भोलि नै सरकारका परराष्ट्रमन्त्री शिशिर खनाल प्रधानमन्त्री शाहको दूत बनेर दिल्ली जाँदैछन् । यसअघि खनालको भारत भ्रमण रद्द भएको थियो । सभापति लामिछाने भारत भ्रमणमा निस्केकै दिन भारत भ्रमण्का कार्यतालिका भए पनि खनाल सहभागी हुने भनिएको कार्यक्रम रद्द भएको थियो ।

भारतीयविदेशमन्त्रीएस. जयशंकरको निमन्त्रणामा शनिबार तीनदिने औपचारिक भ्रमणका लागि दिल्ली जान लागेका खनालले नेपाल-भारतबीचका विभिन्न सरोकार र प्राथमिकतासँग सम्बन्धित समग्र विषयमा छलफल गर्ने बताइएको छ। उनले भारतीय विदेशमन्त्री जयशंकर, वाणिज्यमन्त्री पीयूष गोयल तथा अन्य उच्च अधिकारीसँग भेटवार्ता गर्ने कार्यक्रम छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटका लागि पनि पहल भए पनि निश्चित भइनसकेकोपरराष्ट्रमन्त्रालय स्रोतले जनायो ।

■■■

## नजर...

त्यसको अगाडिको अधुरो भवन टुङ्ग्याउन बाँकी छ,' भुर्तेलले भने, 'यो विषम परिस्थितिमा व्यवसायीले व्यवसाय गर्ने अवस्था छैन । अहिले सरकार स्थिर छ । व्यवसायिक र श्रमिकको समस्या हल गर्न सकिन्छ भन्ने आत्मविश्वास र अनुभव मसँग छ ।'

संघको निवर्तमान सल्लाहकार केसी सर्वसम्मत आफूलाई नेतृत्व दिएमात्र उम्मेद्वारी दिने तयारीमा छन् । यता प्रगतिशील मञ्चका वरिष्ठ उपाध्यक्ष खत्री वैदेशिक रोजगार क्षेत्रको धमिलो छविलाई सङ्ल्याएर यो पेशालाई पुस्तान्तरण गर्न योग्य बनाउने सपना पुरा गर्न संघको नेतृत्व सम्हाल्न चाहेको बताउँछन् । जो निर्वाचित भएपनि संघको नेतृत्वमा उपयुक्त व्यक्ति चुनियोस् भन्ने चाहना आफ्नो भएको खत्रीले सुनाए । 'हामी २०औं वर्ष यो क्षेत्रमा लगानी गर्छौं तर पुस्तान्तरण गर्न सकेका छैनौं । मैले गरेको लगानी मेरो छोराले क्यारी गर्न सक्ने अवस्था बन्नपर्छ,' खत्रीले भने, 'यो क्षेत्रलाई पारदर्शी र मर्यादित बनाउने हो भने फिलिपिन्सका एजेन्सी जस्तै हामी पनि स्थापित हुन सक्छौं । यो व्यवसायलाई मर्यादित बनाउने मेरो सपना नै छ ।'

प्रगतिशीलबाट निवर्तमान तृतीय उपाध्यक्ष वैभवले आफूले संघको साउदी संयोजकका रूपमा काम गरिरहँदा व्यवसायीका धेरै समस्या समाधानमा अहम भूमिका खेलेकाले आफू उम्मेद्वार बन्न योग्य रहेको दाबी गर्दै आएका छन् । त्यस्तै मञ्चका महासचिव मिलन कट्टेलले पनि आफू युवा भएकाले पुस्तान्तरण हुनुपर्ने भन्दै अध्यक्षको दाबी गरेका छन् । मञ्चका अर्का आकांक्षी अधिकारीले भने संस्थाले आफूलाई योग्य ठानेको अवस्थामा नेतृत्वदायी भूमिका सम्हाल्न तयार रहेको बताए । 'संस्थाले मलाइ योग्य ठानेछ भने म पनि त्यसको लागि तयार छु । तर बाधक भने होइन,' अधिकारीले भने ।

आसन्न निर्वाचनमा नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डेले भने स्वतन्त्र रूपमा उम्मेद्वारी दिने भएका छन् । विगत दुई वर्षदेखि आफू राजनीतिक दलका संस्था त्यागेर व्यवसायीको हक, हित र सामाजिक कार्यमा मात्र लागिरहेको पाण्डेको दाबी छ । 'म स्वतन्त्र हुँ । संघको उपाध्यक्ष हुँदा समस्या समाधान समितिको संयोजक भएर काम गरेको, संघको सदस्य, निवर्तमान सल्लाहकार तथा एकता समितिको अध्यक्ष भएर काम गरेको अनुभव छ । व्यवसायीको हकहितको लागि बोल्न सक्ने, लड्न सक्ने साझा उम्मेद्वार मै हुँ,' उनले भने ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) निकट स्वतन्त्र व्यवसायीले भने उम्मेद्वारी दिन इच्छुकलाई फारम भर्न लगाएर उनीहरूको अनुभव, क्षमता र दक्षताको मूल्याङ्कन गरेर निष्पक्ष हिसाबले उम्मेदवार छनोट गर्ने जनाएको छ । विगतमा चुनावी तालमेल गर्दै आएको नेकपा निकट नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च भने यसपटक कसरी अघि बढ्ने भन्ने छलफलमा जुटेको छ । संघको २१ सदस्सीय कार्यसमितिमा सात जना पदाधिकारी र १० जना सदस्य निर्वाचित हुने र चार जना मनोनित हुने प्रावधान छ ।

# संविधान संशोधन कार्यदलद्वारा पूर्वराष्ट्रपतिद्वयसँग सुझाव संकलन

**काठमाडौं–** संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलले पूर्वराष्ट्रपतिद्वय डा रामवरण यादव र विद्यादेवी भण्डारीसँग छुट्टाछुट्टै भेट गरी संविधान संशोधनका विषयमा महत्त्वपूर्ण सुझाव सङ्कलन गरेको छ । नेपालको संविधानलाई समयसापेक्ष, व्यावहारिक र थप सुदृढ बनाउने उद्देश्यका साथ उहाँहरूबाट मार्गदर्शक सुझाव सङ्कलन गरिएको हो ।

प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार अशिम शाहको संयोजकत्वमा गठित कार्यदलले पूर्वराष्ट्रपतिद्वय डा यादव र भण्डारीको निवासमै पुगेर राष्ट्रिय हित र प्रणालीगत सुधारका विषयमा केन्द्रित भई महत्त्वपूर्ण छलफल गरेको हो ।

पूर्वराष्ट्रपति डा रामवरण यादवले जतिसक्दो फराकिलो राष्ट्रिय सहमति कायम गरेर मात्र बहसपत्र तयार पार्न कार्यदललाई सुझाव दिए । नेपाली जनताको निकै ठूलो सङ्घर्ष, अनवरत बलिदान र संविधानसभाको समय थपेर गहन छलफलका बीच जारी भएको संविधानको मूल मर्मलाई जीवन्त राख्नु आजको आवश्यकता भएको यादवले प्रष्ट पारे ।

उनले संविधानमा व्यवस्था गरिएका सङ्घीयता, लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता र समानुपातिक समावेशीजस्ता मुख्य स्तम्भलाई अक्षुण्ण राख्दै नयाँ पुस्ताका बदलिँदा माग र भावनालाई ध्यानमा राखेर अघि बढ्नुपर्नेमा विशेष जोड दिएको प्रधानमन्त्रीको सचिवालयले जनायो ।

यसैगरी, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले पनि संसद्मा झण्डै दुईतिहाइ मत ल्याएको दल, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले संविधान संशोधनको यो राजनीतिक प्रक्रिया सुरु गर्नु सकारात्मक भएको उल्लेख गर्दै कार्यदलले अपनाएको कार्यशैली र प्रक्रियाको सराहना गरिन् । यो कार्यदल आधिकारिक रहेको स्पष्ट पार्दै उनले यो ऐतिहासिक काम सफलतापूर्वक सम्पन्न होस् भनी शुभकामना समेत व्यक्त गरिन् ।

संविधान आफैँमा एउटा राजनीतिक सम्झौताको दस्तावेज भएकाले यसको संशोधन गर्दा पनि बृहत् राष्ट्रिय सहमति कायम गरेर अघि बढ्न आवश्यक रहेको र विशेषगरी निर्णायक मत बोकेका दलहरूले चाहेमा आपसी सहमतिमा संविधान संशोधनको कार्यलाई सहज रूपमा अगाडि बढाउनसक्ने उनको धारण्खा छ । महिला सहभागिता र समावेशीताको सवालमा पूर्वराष्ट्रपति भण्डारीले संविधानमा सुनिश्चित गरिएको महिलाको एक तिहाइ सहभागिताको उपलब्धिलाई रक्षा गर्दै यसलाई अझ बढी व्यावहारिक बनाउनुपर्नेमा जोड दिइन् ।

हालको समानुपातिक प्रणाली इमानदार र क्षमतावान् कार्यकर्ताका लागि हुनुपर्नेमा यसको दुरूपयोग बढेको र यसले ठूला दलहरूलाई बदनाम गराएकाले अब प्रत्यक्ष निर्वाचन प्रणालीमै महिलाको सङ्ख्या स्पष्ट रूपमा निर्धारण गरिनुपर्ने उनको सुझाव छ । पूर्वराष्ट्रपतिद्वयसँगको महत्त्वपूर्ण छलफलपछि कार्यदलले पूर्वप्रधानमन्त्रीलाई भेटेर संविधान संशोधनका विषयमा सुझाव सङ्कलन गर्ने गृहकार्य अघि बढाएको छ ।


**कतारमा रोजगार** कम्पनी : TOUCH FOR CLEANING HOSPITALITY TRADING

पूर्व स्वीकृति मिति : २०८३/०२/२० LT. No. 342952 चलानी नं. ६०२५६२६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Agents | 57 | 30 | 1000 | ४२,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २९ गते (12 June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Government License No. 1180/073/74

**Fine Job Recruitment Pvt. Ltd.**
Gyanjyoti Marga-4, Maharajgung, Kathmandu, Phone No. 01-4110722 / 4110721, 9801061512
E-mail : finejobrecruitment@gmail.com, GPO Box No.:- 6163 , web:- www.finejob.com.np

**साउदीमा रोजगार** कम्पनी : DAMONS.CO.LTD

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२१ LT. No. 337629 चलानी नं. ६०२५१०२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 3 | 0 | 1100 | ४४,८५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २९ गते (12 June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**FRONTLINE RECRUITMENT PVT.LTD.**
Frontline Recruitment
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Mobile: (Sanjiv Sah)9801067993 Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

**युएईमा रोजगार** कम्पनी : Bhatia General Contracting Co. LLC

पूर्व स्वीकृति मिति : २०८२/04/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२१ LT. No. 327188 चलानी नं. ६०२४१९९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | block mason | 9 | 0 | 1200 | ५०,०५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 34 | 0 | 1000 | ४१,७१० | | | | | | | |
| 3 | Shuttering Carpenter | 18 | 0 | 1200 | ५०,०५२ | | | | | | | |
| 4 | Steel Fitter | 18 | 0 | 1200 | ५०,०५२ | | | | | | | |
| 5 | Tile Mason | 31 | 0 | 1200 | ५०,०५२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः एक.के.एच ट्रेनिङ सेन्टर, काठमाडौंमा मितिः २०८३ असार १ र ६ गते (15 & 20 June 2026) मा हुनेछ ।
आइकोनिक ट्रेनिङ सेन्टर, नेपालगन्ज, बाँकेमा मितिः २०८३ असार २ गते (16 June 2026) मा हुनेछ ।
लक्कि सेभेन ट्रेनिङ सेन्टर, दमक, झापामा मितिः २०८३ जेठ ३१ गते (14 June 2026) मा हुनेछ ।
मिथीला प्रोफेश्नल ट्रेनिङ सेन्टर, लाहान, शिराहामा मितिः २०८३ असार ४ गते (18 june 2026) मा हुनेछ ।
प्राविधिक ट्रेनिङ सेन्टर, बिर्तामोड झापामा मितिः २०८३ जेठ ३१ गते (14 june 2026) मा हुनेछ ।
सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरी, सुनसरीमा मितिः २०८३ जेठ २९ र असार ५ गते (12 & 19 July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


ASIA LINK Services Pvt. Ltd. श्रम इजाजत नं ११९/०५५/०५६

**ASIA LINK SERVICES PVT. LTD.**
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260
E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

**युएइमा रोजगार** कम्पनी : SINOPEC ENGINEERING- ABU DHABI

पूर्व स्वीकृति मिति : २०८१/११/०६ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२१ LT. No. 319050 चलानी नं. ६०२३३२४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 35 | 0 | 800 | ३३,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 46 | 0 | 1200 | ५०,०५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २९ गते (12 June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, (Shiva Subedi) +977 986-9422479
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७३/०८/२४ मा दर्ता भएको श्री **हट पाटी मिडिया हाउस प्रा. लि. (प्रा. लि. नं. १५९८५०)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विषेश दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०५८/१२/२९ मा दर्ता भएको **प्रा. लि. नं. १८४३५** को **नेपाल अर्थ मुभर्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०२/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७५/०४/०४ मा दर्ता भएको श्री **युमानु एजुकेशन प्रा. लि. (प्रा. लि. नं. १९३४९८)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विषेश दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयको मिति २०७८/०६/१४ मा दर्ता भएको **युनियन फिजिकल ट्रेनिङ सेन्टर प्राइभेट लिमिटेड (प्रा. लि. नं. २७३८३४)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उत्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## खेतडाँडा–सल्लेनी–मगरगाउँ (१० कि.मि.) सडकखण्ड स्तरोन्नतिको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०२/२२**

बागमती प्रदेश, काभ्रेपलान्चोक जिल्ला महाभारत गाउँपालिकामा महाभारत गाउँपालिका देविटार, काभ्रेपलान्चोकद्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | **महाभारत गाउँपालिका**<br>गाउँपालिकाको कार्यालय देविटार, काभ्रेपलान्चोक<br>फोन नं:- ९८६६२९४००९<br>ई-मेलः ito.mahabharatmun@gmail.com |
| **प्रस्तावको व्यहोरा** | **खेतडाँडा–सल्लेनी–मगरगाउँ (१० कि.मि.) सडकखण्ड' स्तरोन्नति आयोजना**<br>**सडकको प्रकारः स्थानीय सडक**<br>● प्रस्तावित क्षेत्राधिकार (Right of Way): १० मि. सडकको बीच रेखाबाट दायाँ/बाँया दुबैतिर ५/५ मि.)<br>● फर्मेसन चौडाई (Formation Widrh) ७ मि. (नाली बाहेक)<br>● कालोपत्रे हुने चौडाई ५/५ मि. |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | काभ्रेपलाञ्चोक जिल्ला महाभारत गाउँपालिका वडा नं. ६/७ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, साँकृतिक प्रणाली, र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाब पर्दछ भनि यकिन गर्न महाभारत गाउँपालिका तथा सो क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवस्यक भएकाले यो सार्बजनिक सूचना प्रकाशन भएको सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराईदिन हुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगानाः**


| प्रस्तावकको नाम र ठेगानाः | परामर्शदाताको नाम र ठेगानाः |
|---|---|
| **महाभारत गाउँपालिका**<br>गाउँपालिकाको कार्यालय देविटार, काभ्रेपलान्चोक<br>फोन नं: ९८६६२९४००९<br>ई-मेलः ito.mahabharatmun@gmail.com | **ग्रयाब ईन्जिनियरिङ प्रा. लि.**<br>कोटेश्वर-३५, काठमाडौं<br>फोन नम्बरः ९८४९६९४५८५<br>ई-मेलः grab5@gmail.com |

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्ने बारे १५ दिने अत्यन्त जरूरी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८३/०२/२२**

यस सस्थाको तपशिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको साबाँ, ब्याज, र हर्जाना रकम तिर्न बुझाउनु पर्नेमा हाल सम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरू उल्लघंन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा ताकेता गर्दा समेत कर्जा नतिरेको, नबुझाएको हुदाँ मिति २०८२/०८/१४ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्नका लागि ३५(पैतिस) दिने पुनः २०८२/११/१३ गते दोस्रो पटक ३५(पैतिस) दिने सार्बजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता नगरेको तथा कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाउनु भएको हुदाँ ऋणको सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो लिलाम बिक्री गर्न यो १५ दिने सूचना धितो लिलामी सम्बन्धि सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित सम्पति गोप्य शिलबन्दी बोलपत्रद्वारा खरिद गरि लिन इच्छुक संघ, सस्था, फर्म, कम्पनि तथा सर्बसाधारण महानुभाबहरूले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौ। लिलाम बिक्रीमा सुरक्षण धितो सम्पत्ति कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सूरक्षण बापतको सम्पत्ति सहकारी आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा सस्था आफैले सकार गर्दा साबिकमा सस्थाबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा बिक्री भयो वा सहकारी आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाईने छैन । साथै सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्रीबाट पनि यस सस्थाको सम्पुर्ण लेना रकम असुल नभएमा सम्बन्धित ऋण तथा जमानीकर्ताहरूको अन्य चल-अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरि लिने र ऋणी तथा जमानीकर्तालाई कालो सूचीमा समाबेस गरिने ब्यहोरा समेत सबैलाई सूचित गराईन्छ ।

**तपशिल**

| ऋणीको नाम थर ठेगाना | फोटो | जमानीकर्ताको नाम थर ठेगाना | फोटो |
|---|---|---|---|
| **ऋणीको नाम : ममता राणा**<br>बाबुको नाम : श्याम कृष्ण कुवर<br>बाजेको नाम : कृष्ण बहादुर कुवर<br>पतिको नाम : ईन्द्र शम्शेर ज.ब.रा.<br>स्थायी ठेगाना : काठमाण्डौ ३१, काठमाडौं<br>ना.प्र.नं. : ८८३४/८४२९ |  | **जमानीकर्ताको नाम : पाल्साङ लामा**<br>बाबुको नाम : धन बहादुर लामा<br>बाजेको नाम : पहलमान घिसिङ<br>स्थायी ठेगाना : कानपुर ६, काभ्रेपलान्चोक<br>ना.प्र.नं. : ३०३०१०/५६ |  |

**धितोमा राखिएको सम्पतिको बिबरण**

काठमाडौं जिल्ला का.म.न.पा. वडा नं १४, सिट नं १०२११४२०३ को कित्ता नं ५३८, क्षेत्रफल १९९.५३ र सो कित्तामा बनेको घर समेत ।

**शर्त बन्देजहरू :**

१. बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समय भित्र बुझाउन सकिने छ । सो दिन सार्बजनिक बिदा परेमा सोको भोलिपल्ट उल्लेखित समयभित्र बुझाउन सकिनेछ ।
२. प्राप्त बोलपत्रहरू सूचना प्रकाशित भएको मितिले १६औं दिनको ३:०० बजे खोलिनेछ । सो दिन सार्बजनिक बिदा परेमा सोको भोलिपल्ट उल्लेखित समय भित्र खोलिनेछ ।
३. धितो लिलाम सम्बन्धि अन्य शर्तहरू :

क) लिलाममा सबैभन्दा बढी डाँक बोल्नेको नाममा लिलाम सदर गरिनेछ ।
ख) लिलाम सकार गर्ने ब्यक्ति तथा संघ संस्था वा कम्पनिले उक्त दिन डाँक रकमको १० प्रतिशत रकम धरौटी स्वरूप दाखिला गर्नुपर्नेछ ।
ग) बाँकी रकम १ हप्ता भित्रमा जम्मा गरेमा संस्थाले ७ दिनभित्रमा नामसारी गर्ने ब्यबस्था मिलाउनेछ ।
घ) दाखिला खारेज तथा धितो नामसारी गर्दा लाग्ने सम्पूर्ण खर्चहरू सकार गर्ने ब्यक्तिले ब्यहोर्नु पर्नेछ ।
ङ) लिलाम सदर वा बदर गर्ने सम्पूर्ण अधिकार सस्थामा निहित हुनेछ ।
च) अन्य थप जानकारीको लागि सस्थामा सम्पर्क गर्न सक्नुहुनेछ ।

**क्यापिटल बचत तथा ऋण सहकारी सस्था लि.**
**लगनखेल, ललितपुर**
Email : capitalsaving1@ gmail.com, मोवाइल नं. ९८४१५३१९६४ / ९७६१३३६३४६ / ९७०४५२०३५३

# अतिसंकटापन्न सूचीमा पर्ने 'ब्लाक सफ्टसेल' कछुवा लोप हुने अवस्थामा

**बेलबारी (मोरङ)–** मोरङको बेलबारीस्थित बेतना सिमसारमा करिब चार वर्षअघि फेला परेका अतिसंकटापन्न सूचीमा सूचीकृत 'ब्लाक सफ्टसेल' नामक कछुवा संरक्षणको अभावमा लोप हुने अवस्थामा पुगेका छन् । अस्ट्रियाका वैज्ञानिकको टोलीले बेतना सिमसार क्षेत्रमा दुई दर्जनभन्दा बढीको संख्यामा यी कछुवा फेला परेका हुन् ।

सन् २०२२ मा आरको नेपालको सहयोगमा अस्ट्रियाका वैज्ञानिक डा. पिटर प्रस्छाङको नेतृत्वमा गरिएको अनुसन्धानले मोरङको बेतना सिमसारमा ब्लाक सफ्ट सेल (कालो नरम खपटे) प्रजातिको कछुवा फेला पारेको हो । जसको वैज्ञानिक नाम 'निलोस्सोनिया निगृकन्स' हो । अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (आइयुसिएन)को रातो सूचीमा अतिसंकटापन्न अवस्थामा सूचीकृत यो कछुवाका लागि बेतना सिमसार प्राकृतिक वरदान सावित हुनुपर्नेमा पछिल्लो समय बढ्दो मानवीय चाप र चेतनाको अभावका कारण यी कछुवाको भविष्य संकटमा पर्दै गएको राष्ट्रिय प्रकृति संरक्षण कोषका संरक्षण अधिकृत गोविन्दप्रसाद पोखरेलले बताए ।

पर्यटन प्रवर्द्धनका नाममा सिमसार क्षेत्रमा भइरहेका केही अनियन्त्रित गतिविधि कछुवाहरूका लागि अभिशाप बन्दै गएका छन् । 'वनभोज मनाउनेको घुइँचो, चर्को आवाजमा बज्ने संगीत र जथाभावी फालिने प्लास्टिकजन्य फोहोरले पानीको गुणस्तरमात्र बिगारेको छैन, कछुवाको शान्त वातावरणलाई खलल पुऱ्याएको छ । सिमसार क्षेत्र कछुवाजस्ता थुप्रै रैथाने प्रजातिको मुख्य बासस्थान हो । यसको संरक्षण गर्नु सबैको दायित्व हो,' उनले भने ।

राष्ट्रिय प्रकृति संरक्षण कोषका संरक्षण अधिकृत पोखरेलले जथाभावी फाल्ने प्लास्टिकजन्य फोहोर कछुवासहित अन्य जीवले निल्न सक्ने वा त्यसमा अल्झिएर मृत्यु हुनसक्ने भएकाले यसतर्फ सबै सचेत हुनुपर्नेमा जोड दिए । 'विशेष गरेर समुद्री क्षेत्रका कछुवा तथा जीवमा यो देखिएको छ । नेपालमा भने यो विषयमा तथ्यांकहरू कम छन्,' उनले भने ।

प्रदूषणले सिमसारको पारिस्थितिकीय प्रणाली बिगार्नुका साथै कछुवाले प्लास्टिकलाई खाना सम्झेर निल्दा उनीहरूको ज्यानै जाने जोखिम हुनसक्ने पोखरेलले बताए । 'प्लास्टिकजन्य फोहोर टुक्रिएर माइक्रो प्लास्टिकमा परिणत हुन्छ । जसले जल र माटोको विषाक्तता बढाएर खाद्य चक्रलाई असर गर्दछ,' उनले भने ।

यसबाहेक, सिमसार तटमा जम्ने प्लास्टिकले कछुवाको गुँड बनाउने र अण्डा कोरल्ने प्राकृतिक प्रक्रियालाई अवरुद्ध संकट निम्त्याउने संरक्षण अधिकृत पोखरेलले बताए । कछुवालाई फुल पार्न र घाम ताप्नका लागि शान्त दलदल वा बालुवाको ढिस्को चाहिन्छ । सिमसारको सौन्दर्यीकरण गर्ने नाममा कङ्क्रिटका संरचनाहरू बनाइँदा उनीहरूको प्राकृतिक ओथारो बस्ने ठाउँ नासिँदै गएका छन् ।

'कछुवालाई पर्यटकको गतिविधि, उनीहरूले दिएको खानेकुरा, बाहिरबाट ल्याइएका मिचाहा प्रजातिका माछा तथा अन्य जीव, सडकमा गाडी कुद्दा निस्कने थर्कावट, निर्माण, विषादी आदिले असर गरेको हुन्छ,' डा. रामचन्द्र अधिकारीले भने । कछुवा प्रकृतिको पहिचान तथा महत्त्वपूर्ण जन्तु भएकाले यसलाई संरक्षण गर्नुपर्नेमा उनले जोड दिए ।

बेतना सिमसार वन उपभोक्ता समितिका अध्यक्ष शम्भू भट्टराईले कछुवा तथा जीवजन्तुलाई कुनै पनि असर पुग्ने काम सिमसार समितिले नगरेको दाबी गरे । 'कछुवाहरूले पानी सफा राख्न र मरेका जीवहरू खाएर पारिस्थितिक प्रणालीलाई सन्तुलित बनाउन मद्दत गर्छन् । कतिपय अवस्थामा माछा मार्ने जालमा परेर वा स्थानीयस्तरमा कछुवाको महत्त्व नबुझ्दा यी दुर्लभ जीवले ज्यान गुमाउनु परिरहेको छ,' उनले भने । *रासस*

# जलवायु संकटसँगै सामाजिक र संस्थागत जोखिमको सम्बोधन गर्नुपर्ने

**काठमाडौं (प्रस)–** समुदायको उत्थानशीलता निर्माणमा लगानी बढाउनुपर्नेमा दिइएको छ । 'सुरक्षित भविष्य निर्माण: उत्थानशीलताका लागि समुदायमा लगानी' विषयक दक्षिण एशिया नीति संवादमा सहभागी जानकारहरूले जलवायु सङ्कटसँगै सामाजिक र संस्थागत जोखिमलाई सम्बोधन नगरेसम्म दिगो समाधान सम्भव नहुने बताएका छन् ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) का प्राज्ञ दीपक ज्ञवालीले नेपालमा भइरहेका अव्यवस्थित सडक निर्माणले विपद् जोखिम बढाएको बताए । उनका अनुसार वातावरणीय दृष्टिले सुरक्षित र किफायती विकल्पका रूपमा 'रोपवे' प्रणाली अपनाउनुपर्छ ।

डा मन्दिरा श्रेष्ठले विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता निर्माणका लागि लिङ्ग, उमेर र अपाङ्गतासम्बन्धी वर्गीकृत तथ्याङ्क अत्यन्त आवश्यक रहेको बताइन् । उनले स्थानीय तहमा त्यस्ता तथ्याङ्कको उपलब्धता र पहुँच अझै सीमित रहेको उल्लेख गर्दै योजना निर्माण, स्रोत विनियोजन तथा निर्णय प्रक्रियामा गुणस्तरीय तथ्याङ्कको प्रयोग बढाउनुपर्ने आवश्यकता औँल्याइन् ।

ढाका विश्वविद्यालयअन्तर्गत विपद् व्यवस्थापन तथा जोखिम अध्ययन संस्थानकी निर्देशक डा महबुबा नसरीनले प्रारम्भिक चेतावनी प्रणालीको प्रभावकारितामा जोड दिँदै 'समयमै प्राप्त पूर्वसूचना' नै जीवनरक्षाको प्रमुख माध्यम भएको बताइन् । नसरीनले विगत तीन दशकमा पूर्वसूचना प्रणालीमा उल्लेखनीय सुधार भए पनि लैङ्गिक तथा सामाजिक असमानताका कारण जोखिममा रहेका समुदायसम्म सूचना समान रूपमा नपुग्ने समस्या कायम रहेको बताइन् ।

विपद् व्यवस्थापन अध्ययन केन्द्र (सिडिएमएस) नेपालका संस्थापक कृष्ण कार्कीले विपद् तयारी तथा प्रतिकार्यमा लैङ्गिक दृष्टिकोण मूल प्रवाहीकरणका लागि विकसित गरिएको 'जेडर चेकलिस्ट' प्रस्तुत गर्दै सामाजिक तथा लैङ्गिक विश्लेषणको नियमित अभ्यास अभाव रहेको बताए ।


## कुवेतमा रोजगार

कम्पनी : DIA MONTY LADIES SALON COMPANY | शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८३/०२/२० | चलानी नं.: ६०२५६२६३ | LT.No.: 342939

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 0 | 10 | सम्बन्धित काममा दक्ष | 120 | ५९,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | HAIRDRESSER | 0 | 4 | | 150 | ७४,७२५ | | | | | | | |
| 3. | MANICURE/PEDICURE | 0 | 4 | | 150 | ७४,७२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ जेठ २९ गते (12 June, 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**

Gov. Lic No. 1746 /081/82

Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308

Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



## कतारमा रोजगार

कम्पनी : TRUEPOINT CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०२/२० | LT. No. 342940 | चलानी नं. ६०२५६२७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 3 | 0 | 2500 | १०५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners Male | 2 | 0 | 1200 | ५०,५०५ | | | | | | | |
| 3 | Dry Cleaner | 3 | 0 | 1200 | ५०,५०५ | | | | | | | |
| 4 | Foreman | 6 | 0 | 2500 | १०५,२२० | | | | | | | |
| 5 | General Builder | 3 | 0 | 1500 | ६३,१३० | | | | | | | |
| 6 | Office Cleaner | 23 | 0 | 1200 | ५०,५०५ | | | | | | | |
| 7 | Representative | 1 | 0 | 3000 | १२६,२६५ | | | | | | | |
| 8 | Service Agents | 20 | 0 | 1500 | ६३,१३० | | | | | | | |
| 9 | Supervisor | 2 | 0 | 3000 | १२६,२६५ | | | | | | | |
| 10 | Technician Electrical | 2 | 0 | 2500 | १०५,२२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २९ गते (12 June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफुनो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**

श्रम ईजाजत नं. १३०२/०७४/०७५

Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401

E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ०७ (सात) दिने सूचना

**प्रकाशित मितिः २०८३/०२/२२**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कंचनबारी, मोरङ्ग बाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीलाई मिति २०८१/१०/१५ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीलाई मिति २०८१/११/२७ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा १५ (पन्ध्र) दिने सार्वजनिक सूचना र मिति बि.सं. २०८३/०२/०५ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठौं) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, शाखा कार्यालय कंचनबारी, मोरङ्गमा दिउँसो ४:०० गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा, आवधिक कर्जा, माग कर्जा, धितो कर्जा, सवारी कर्जा र अन्य कर्जा**

**ऋणी कम्पनीको नाम र ठेगाना**

**ऋणीको नाम : दक्ष एग्रो हाउस प्रा.लि.**
रजिष्टर्ड ठेगाना : कोशी प्रदेश गढी गा.पा. वार्ड नं ४,सुनसरी
रजिष्ट्रेसन नं. : ३१५८४४/०८०/०८१,( नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर
दर्ता मिति : २०८०।०४। १२
पान नं. : ६१९७३३५४४

**कम्पनीको सञ्चालक तथा जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : श्याम देव साह**
बाबु : सोमि साहु
बाजे : दरबारी साहु
ठेगाना : सुनसरी जिल्ला छीटाहा गा.वि.स. वडा नं. ५
हाल : सुनसरी जिल्ला, गढी गा.पा. वडा नं. ०४
ना.प्र.नं : ६२७९५।६३७९५
जारी मिति : २०५८।०५।३१
जि.प्र.का : सुनसरी

**२. नाम : मानिक चन्द्र साहु**
बाबु : सोमि साहु
बाजे : दरबारी साहु
ठेगाना : सुनसरी जिल्ला छीटाहा गा.वि.स. वडा नं. ५
हाल : सुनसरी जिल्ला, गढी गा.पा. वडा नं. ०४
ना.प्र.नं : ५६४/८५१,
जारी मिति : २०४६।०२।३
जि.प्र.का : सुनसरी

**३. नाम : ललिता साह**
बाबु : नागेश्वर प्रसाद साह
ससुरा : सोमि साहु
पती : श्याम देव साह
ठेगाना : सप्तरी जिल्ला वरमझिया गा.वि.स. वडा नं. ४
हाल : सुनसरी जिल्ला, गढी गा.पा. वडा नं. ०४
ना.प्र.नं : १६२००४।२३८
जारी मिति : २०६८।०४।२२
जि.प्र.का : सप्तरी

**जमानीकर्ताको नाम र ठेगाना**
**नाम : चन्द्रीका वति देवि साहुनी**
बाबु : मोति साहु
ससुरा : सोमि साहु
पती : मानिक चन्द्र साहु
ठेगाना : सुनसरी जिल्ला छिटाहा गा.वि.स./गा.पं. वडा नं. ५
हाल : सुनसरी जिल्ला, गढी गा.पा. वडा नं. ०४
ना.प्र.नं : ८४४०२।८५४०२
जारी मिति : २०६०।१०।१९
जि.प्र.का : सुनसरी

**धितो राखिएको सम्पत्तिको विवरण**

**१. धितो सुरक्षण धनीको नामः– मानिक चन्द्र साहु**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट | कि.नं. | क्षेत्रफल (वि.क.धु) | कैफियत |
|---|---|---|---|---|---|
| सुनसरी | छिटाहा | ०५क | ५१९ | ०-१४-१७.२५-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| सुनसरी | छिटाहा | ०५क | ५८० | ०-३-९.५-० | |

**२. धितो सुरक्षण धनीको नामः– श्याम देव साह**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट | कि.नं. | क्षेत्रफल (वि.क.धु) | कैफियत |
|---|---|---|---|---|---|
| सुनसरी | छिटाहा | ०५क | ५१८ | ०-१४-१७.२५-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| सुनसरी | छिटाहा | ०५क | ५२२ | ०-१४-१७.२५-० | |
| सुनसरी | छिटाहा | ०५क | ५७९ | ०-३-९.७५-० | |

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित ।

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ, दरवारमार्ग, काठमाडौं वा शाखा कार्यालय कंचनबारी, मोरङ्गमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८३/०२/२९ गते, शुक्रबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कंचनबारी, मोरङ्ग ।**

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

THE BANKER BANK OF THE YEAR 2024 NEPAL | THE BANKER BANK OF THE YEAR 2025 NEPAL

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६६/१२/०४ मा दर्ता भएको **प्रा. लि. नं. ७१४१०** को **डेकर कुकर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०२/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७४/०५/०५ मा दर्ता भएको श्री **गंगोत्री सामुदायिक पोलिक्लिनिक प्रा. लि. (प्रा. लि. नं. १७३५५७)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विषेश दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

## कर्मचारी आवश्यकता !

**प्रकाशित मिति : २०८३/०२/२२**

यस संस्थामा तपशिलमा उल्लेखित पद रिक्त रहेको र सोको पुर्ति खुल्ला प्रतिस्पर्धाद्धारा गर्न लागिएको हुँदा न्युनतम योग्यता इच्छुक नागरिकहरूलाई यस सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा दरखास्त दिनुहुन यसै सूचना साथ आह्वान गरिन्छ ।

| क्र.सं. | पद | संख्या | न्युनतम शैक्षिक योग्यता तथा अनुभव |
|---|---|---|---|
| १ | बजार प्रतिनिधि | २ जना | १२ कक्षा उर्त्तिण, सहकारी क्षेत्रमा कम्तीमा १ वर्ष अनुभवी, ड्राइभिङ लाइसेन्स भएकोलाई विशेष प्राथमिकता दिइनेछ |

Email : goretosave@gmail.com (दरखास्तको लागि)

**गोरेटो बहुद्देश्यीय सहकारी संस्था लिमिटेड**
धुम्बाराही, चण्डोल, काठमाडौं, फोन नं. ०१-४५२८९६६, ४५३४०६६

---

## काठ शिलवन्दी बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८३/०२/२२ गते**

दुधेपाटापुर सा.व.उ.स., रोङ गा.पा. ६ इलामको वनबाट यस आ.व.मा उत्पादन भई समुहको घाटगद्धीमा लट बनाई राखिएका काठहरु डि.व.का. इलामको लिलाम सहमती अनुसार खयर गोलिया थान १६७ को १५८.७९ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धि कार्य गर्ने इच्छुक सुचिकृत फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालय तथा जिल्ला स्थित विभिन्न कार्यालयहरूको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री दुधेपाटापुर सा.व.उ.स., रोङ गा.पा. ६, इलाम**

---

एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नः ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८३/०२/२२

यस बैंकका निक्षेपकर्ता श्री खगेश्वर पन्थीको नाति, श्री लक्ष्मी कान्त पन्थीको छोरा, गुल्मी जिल्ला, रेसुङ्गा नगरपालिका वडा नं. ०४ घर भई हाल गुल्मी जिल्ला, रेसुङ्गा नगरपालिका वडा नं. ०४ बस्ने वर्ष ७० को श्री **चन्द्रमणी पन्थी** (ना.प्र.नं. १६२२/०३६, जारी मिति २०३२/१२/०६, गुल्मी) को मिति २०८२/१२/२६ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराइ दिनुहोस् भनी निजको एकाघरको पत्नी श्री सरीता देवि पन्थीले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकका पत्नी श्री सरीता देवि पन्थीको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. (चावहिल काठमाडौ) को
## धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/२२ गते शुक्रबार**

यस कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. बाट तपसिलमा उल्लेखित ऋणिहरूले प्राप्त गरेको ऋण कर्जाको यस सहकारी संग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नबुझाउनु पर्ने साँवा, ब्याज हर्जाना लगाएत अन्य दैदस्तुर आदि नतिरी नबुझाई सहकारी संग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले सहकारीको सम्पुर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक लिखित तथा सामाजीक सञ्जाल मार्फत सुचना गरि तरताकेता गरेको र सो गर्दा समेत सहकारीको कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा मिति २०८२ साल कार्तिक १९ गतेको राष्ट्रिय दैनिक पत्रिका "प्रभाव दैनिक" पत्रिकामा ३५ दिने सुचना प्रकाशित गरी सम्पुर्ण साँवा, ब्याज, हर्जाना लगायत अन्य दस्तुर चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा चूक्ता गर्न कुनै चासो तथा पहल नदेखाएको हुँदा आज मिति २०८३ साल जेष्ठ २२ गते शुक्रवार का दिन प्रभाव राष्ट्रीय दैनिक पत्रिकामा दोश्रो पटक लिलामी सूचना प्रकाशित भएकोले धितो सुरक्षणमा रहेको तपशिलमा लेखिएको अचल सम्पत्ति घरजग्गा तथा अन्य निर्माण कार्य हरु लगायतका सम्पुर्ण लिगलगापातहरु जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आज मिति ०८३ जेष्ठ २२ गतेका दिन "लिलाम बिक्री गर्ने बारे ३५ दिने सुचना" प्रकाशित गरीयको छ । उक्त म्याद भित्र पनि कर्जा चुक्ता नगरेमा कर्जा सुरक्षणार्थमा लेखिदिएको, कुनै किसिमको कानुनि भै झमेला नभएको, यस संस्थामा धितो सुरक्षण बापत रहेको अचल सम्पत्ति घरजग्गा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५,प्रदेश सहकारी ऐन २०७६,प्रदेश सहकारी नियमावली २०७६ तथा यस सहकारीको कर्जा लगानी तथा असुली निति २०६२ ले दिएको अधिकार प्रयोगगरी नियम बमोजिम सहकारी आफैले लिलाम बिक्री गर्ने भएकोले लिलाममा गोप्य शिलबन्दी बोलपत्र पेशगरी लिन इच्छुक महानुभाव हरूले यो सुचना प्रकासित भएको मितिले ३५औं दिन भित्र तोकिएको समयानुसार यस सहकारीको कार्यालयमा उपस्थीत भई आफुले सकार गरी लिन चाहेको मुल्यमा शिलबन्दी बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ ।

**तपशिल**

| ऋणिको तिन पुस्तेको नाम ठेगाना | व्यक्तिगत जमानी/ धनजमानीको नाम ठेगाना | धितोको बिवरण : |
|---|---|---|
| **ऋणीको नाम :- मुमाराज राई**<br>ना.प्र.न.८३।२७१।४१४०,धनकुटा<br>बाजेको नाम :- जितपाल राई<br>बुवाको नाम :- परशु बहादुर राई<br>स्थायी ठेगाना :- होम्ताङ्ग गा.बि.स वडा नं. ०१, भोजपुर<br>हालको ठेगानाः- मच्छेगाउँ ६, काठमाडौं । | **१. संगिता राई**<br>ससुराको नाम :- परशु बहादुर राई<br>पतिको नाम :-मुमाराज राई<br>बुवाको नाम :- हर्क राई<br>स्थायी ठेगाना :- होम्ताङ्ग गा.बि.स वडा नं. ०३, भोजपुरहालको ठेगाना :- मच्छेगाउँ ६, काठमाडौं<br>**२. परशु बहादुर राई**<br>बुवाको नाम :- जितपाल राई<br>हालको ठेगानाः- मच्छेगाउँ ६, काठमाडौं | काठमाडौं जिल्ला मच्छेगाउँ वडा नं.६ नक्सा सिट नं. ६ क कित्ता नं.१२८५ र १२७९ क्षेत्रफल : क्रमशः ०-२-३-३ (९३.४० ब.मि.), र ०-०-०-१ (१.९९ ब.मि.) क्षेत्रफलमा रहेको घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| **ऋणीको नाम :- शर्मिला कुमारी**<br>ना.प्र.न.५४३६१५३४, सर्लाही<br>ससुराको नाम :- बिजुली राय<br>पतिको नाम :- रामश्रेष्ठ राय<br>बुवाको नाम :- रामेश्वर राय<br>स्थायी ठेगाना :- लौकठ गा.वि.स वडा नं. ०३, सर्लाही<br>हालको ठेगाना :- कामनपा ०९ भिमसेनगोला, काठमाडौं | **धितो जमानि दिनेको बिवरण :**<br>**नाम : लालसा देबी**<br>ना.प्र.न.३२३०३३/२०५, रौतहट<br>ससुराको नाम :- प्रेम साह कानु<br>पतिको नाम :- रामाकान्त साह कानु<br>बुवाको नाम :- दिन दयाल साह कानु<br>स्थायी ठेगाना :- टेङ्ग्राहा गा.वि.स वडा नं. ०९, रौतहट<br>हालको ठेगाना :- ललितपुर | जग्गा धनीको नाम : लालसा देबी बारा जिल्ला, निजगढ नपा वडा नं.९ कित्ता नं.४२४ क्षेत्रफल : ०-२-०(२ कठ्ठा) क्षेत्रफल जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**पुनश्चः-धितो बन्धक लेखिदिने लाई सूचना** :- उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादै भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलामका शर्तहरु बमोजिम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयं उपस्थित भै लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकन को लागी सुचित गरिन्छ । उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा सहकारी आफैले सकार गर्दा समेत साबिकमा सहकारी बाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा सहकारी आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भएमा वा सहकारी आफैले सकार गरी लियो भनी कहिँ कतै कुनै उजुर बाजुर, दाबी बिरोध गर्न पाउनुहुने छैन । साथै तपाई हरूबाट सहकारीको कर्जा भुक्तान नगरी धितो सम्पत्ति अन्यकोहि कसैले सकारगरी लिएमा वा सहकारी आफैले सकार गरेमा वा नगरेमा समेत यो सूचना प्रकाशित मिति ले ३० दिन भित्र उक्त सम्पत्ति खाली गरी सहकारी लाई हस्तान्तरण गर्न हुन समेत सुचित गरिएको छ । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनः मूल्यांकन गरी वा नगरी सहकारी आफैँले सकार गर्दा समेत सहकारीको सम्पूर्ण लेना रकम असुल उपर नभै बाँकी रहेमा ऋणी तथा व्यक्तिगत जमानी दिनेको अन्य श्री-सम्पत्तिबाट असुल उपर गरीने व्यहोरा समेत यसै सूचना बाट थप जानकारी गराईएको छ ।

**लिलामका शर्तहरू:**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस संस्थाको मूख्य कार्यालय चावहिल, काठमाडौंबाट रू.५००/- (अक्षरुपी पाँच सय रुपैयामात्र) पछि फिर्ता नहुने गरी तिरी प्राप्त गर्न सकिनेछ ।
२) शिलबन्दी बोलपत्र मिती २०८३ साल असार २५ गते बिहीबार दिनको ३:०० बजे भित्र मूख्यकार्यालय चावहिल, काठमाडौंमा दर्ता भै सक्नुपर्ने छ ।
३) प्राप्त शिलबन्दी बोलपत्र २०८३ साल असार २६ गते शुक्रवार दिनको ३:०० बजे मुख्य कार्यालय चावहिल, काठमाडौंमा बोलपत्रदाताहरु वा निजले लिखित रूपमा नियुक्तगरेको प्रतिनिधिहरु र अन्य पदाधिकारी हरूको रोहवरमा खोलिनेछ । बोलपत्र दाताहरु वा निजको प्रतिनिधी समेत उपस्थित नभयमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र पेशगर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोहि स्थान र समयमा उक्त कार्य हुनेछ ।
४) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेखगरी कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस संस्थाको वा संस्थाको नाममा जारी गरिएको **Good For Payment** गरिएको **A/C Payee** चेक वा बैंक भौचरको सक्कल प्रति बोलपत्र साथ पेश गर्नपर्ने छ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति नामसारी गर्दालाग्ने सम्पूर्ण खर्च समेत सकार गर्ने व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा गरी आफनो नाममा सम्पत्ति नामसारी गरी नलिएमा धरौटि रकम फिर्ताहुने छैन ।
५) बोलपत्र पेशगर्ने ब्यक्तिको हकमा निजले नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, फर्म, संगठित संस्था वा कम्पनिले संचालक समितिको निर्णयको प्रतिलिपी, इजाजत प्राप्त दर्ता प्रमाण पत्रको प्रतिलिपी, मु.अ.क. वा आय कर दर्ता प्रमाण पत्रको प्रतिलिपी आवेदन साथ पेश गर्नुपर्ने छ ।
६) कुनै शर्त राखी पेशगरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।
७) लिलाम सम्पत्तिको निरीक्षण गर्नचाहेमा बोलपत्रपेश गर्नुअगावै कार्यालय समय भित्र यस संस्थाको मुख्य कार्यालय कुमारी बिल्डीङ्ग चावहिल काठमाडौंमा सम्पर्क राखि सम्पत्ति निरीक्षण गर्न सकिनेछ ।
८) सहकारी ऐन २०७४, सहकारी नियमावलि २०७५, प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६ तथा यस संस्थाको कर्जा लगानी तथा असुली निती २०६२ अनुसार लिलाम बिक्री गर्नु पर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उक्त सम्पत्तिको स्वामित्व संस्था आफैमा लिन सक्ने छ ।
९) कुनै कारण खुलाइ वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
१०)अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति** :- २०८३/०३/२५ गते बिहीबार
**लिलाम हुने मिति** :- २०८३/०३/२६ गते शुक्रबार
**स्थान** : संस्थाको मूख्य कार्यालय चावहिल मा
**समय** : दिउँसो ३.०० बजे

**विस्तृत जानकारीको लागि**

**कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**
(चावहिल)-७, काठमाडौं ।
फोन नं.: ०१-४५७८००६, ४५६५१०२, ४५६५२५६, ४५६५२७४ मा सम्पर्क गर्नुहोला ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# पराजयबाट पनि नसिक्ने ओली

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले बुधबार दिएको अभिव्यक्तिले एउटा कुरा स्पष्ट गरेको छ– उनी अझै पनि आफ्नो राजनीतिक असफलताको समीक्षा गर्न तयार छैनन् । बरु उनी पराजय, असन्तुष्टि र पार्टीभित्र उठेका प्रश्नहरूलाई बेवास्ता गर्दै अहंकारमै टिकिरहने ध्येयमा छन् ।

'झोला फ्याँकेर बीचमै हिँड्दिनँ' भन्ने उनको अभिव्यक्ति झट्ट सुन्दा जिम्मेवारीबाट नभाग्ने नेताको भनाइजस्तो लाग्छ । तर, प्रश्न उनले आफ्नो नेतृत्वमा भएका असफलताहरूको जिम्मेवारी कहिले लिन्छन् भन्ने हो ।

ओली मूल नेता रहेको तत्कालीन नेकपा एक समय नेपालको सबैभन्दा शक्तिशाली राजनीतिक शक्ति थियो । २०७४ सालको निर्वाचनमा झण्डै दुईतिहाइ जनादेश प्राप्त गरेको थियो । पछि विघटन भए पनि मूलधार एमाले रहेको र यतिबेला उक्त दल इतिहासकै कमजोर अवस्थामा पुगेको छ । त्यो जनादेश विपक्षीले खोसेको होइन, स्वयं ओली नेतृत्वले गुमाएको हो । जनताले स्थायित्वका लागि दिएको मत संसद् विघटन, सत्ता संघर्ष र पार्टी विभाजनमा खर्च भयो । राजनीतिक इतिहासमा दुर्लभ अवसर पाएको ओलीले त्यसलाई जोगाउन नसक्नु सामान्य कमजोरी होइन, गम्भीर असफलता हो ।

ओली शैलीकै कारण एमाले नेपाली कम्युनिस्ट आन्दोलनमा 'धिपधिपे' पार्टी बन्दै गएको छ । जनमत खस्किएको तथ्यले पनि बताउँछ । पार्टीबाट युवापुस्ता टाढिएको छ । चुनावमा शर्मनाक हार भयो । तर, ओली भने अझै पनि समस्या आफूभित्र होइन, अरूमा देखिरहेका छन् ।

सबैभन्दा चिन्ताजनक कुरा त बदलिएको नेपाली समाज र युवापुस्ताको राजनीतिक चेतनाप्रति ओलीको दृष्टिकोण हो । गत वर्षको २३ र २४ भदौमा भएको जेन–जी विद्रोहलाई उनले आजसम्म पनि स्वीकार गर्न सकेका छैनन् । भ्रष्टाचारविरुद्ध, सुशासनका पक्षमा र पुराना राजनीतिक संस्कारविरुद्ध सडकमा उत्रिएका हजारौं युवालाई उनले बुधबार देशद्रोही, विध्वंसकारी र षड्यन्त्रकारीको संज्ञा दिए । लोकतन्त्रमा जनताको आवाज सुन्नुपर्ने नेता जनताको आवाजसँग डराउने अवस्थामा पुगे भने त्यो नेतृत्व संकटको संकेत हो ।

आज एमालेभित्र नेतृत्व हस्तान्तरणको बहस चर्किएको छ । पार्टी पुनर्गठनको मुद्दा सचिवालय बैठकमा जोड्तोडले उठ्यो । उनी रक्षात्मक अवस्थामा पुगेका छन् । तर, ओलीले फेरि पनि नेतृत्व नछाड्ने मुडमा देखिए । उनी अझै पनि आफूलाई समस्याको समाधानकर्ता ठानिरहेका छन्, जबकि पछिल्ला घटनाक्रमहरूले उनी स्वयं समस्याको प्रमुख कारण बनेको देखाएका छन् ।

उसो त उनी जनताले दिएको ऐतिहासिक अवसर गुमाइसकेपछि पनि आत्मसमीक्षा होइन, आत्मरति गरिरहेका छन् । यही प्रवृत्ति कायम रहने हो भने एमालेको संकट झन् गहिरिनेछ र इतिहासले ओलीलाई पार्टी र आन्दोलनको सफायकर्ता नेतृत्व भनेर गिज्याउने छ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

सन्दर्भः विश्व वातावरण दिवस

# मेरो सहर, हाम्रो भविष्य

## जलवायु संकट, युवा पुस्ता र काठमाडौंको आगत स्वरूपको कल्पना



❑ कृष्णचन्द्र न्यौपाने

> "भविष्यको सहर कस्तो हुनुपर्छ भन्ने प्रश्नको उत्तर खोज्दा हामीले पूर्वाधारभन्दा पहिले मानिसलाई केन्द्रमा राख्नुपर्छ । सहर त्यस्तो हुनुपर्छ जहाँ विद्यार्थीहरु सुरक्षितरूपमा विद्यालय पुग्न सकून्, जहाँ महिलाहरु रातको समयमा पनि निर्भयतापूर्वक हिँड्न सकून्, जहाँ अपांगता भएका व्यक्तिहरूले सहजरूपमा सार्वजनिक सेवा प्राप्त गर्न सकून्, जहाँ वृद्धवृद्धाले सम्मानपूर्वक जीवनयापन गर्न सकून्, र जहाँ बालबालिकाले स्वच्छ हावामा सास फेर्न सकून् ।

### तथ्य परिवेश

सहरहरू केवल भवन, सडक र पूर्वाधारका संरचना होइनन्, ती मानव सभ्यताको सपना, सम्भावना र भविष्यका प्रतिविम्ब हुन् । कुनै पनि राष्ट्रको विकासको स्तर उसका सहरहरूको अवस्था, समावेशिता, वातावरणीय गुणस्तर र नागरिकको जीवनस्तरबाट मापन गरिन्छ । आज नेपालका सहरहरू विशेषगरी काठमाडौं, पोखरा, भरतपुर, विराटनगर, नेपालगञ्ज र धनगढी तीव्र सहरीकरण, जलवायु परिवर्तन, वातावरणीय प्रदूषण तथा सामाजिक असमानताका चुनौतीहरूको सामना गरिरहेका छन् । यस्तो अवस्थामा प्रश्न उठ्छ- हामी कस्तो सहर भावी पुस्तालाई हस्तान्तरण गर्दै छौं ?

### सोचको काठमाडौं

सन् २०१७ मा काठमाडौं महानगरपालिकाले काठमाडौंलाई 'स्मार्ट सिटी' बनाउने महत्त्वाकांक्षी योजना सार्वजनिक गरेको थियो । भूमिगत पार्किङ, डिजिटल सेवा प्रवाह, स्मार्ट सार्वजनिक शौचालय, साइकल लेन, मोनोरेल, मेट्रो रेल, केबलकार, विद्युतीय पार्किङ प्रणाली तथा प्रविधिमैत्री नगर व्यवस्थापनका अवधारणाले आधुनिक काठमाडौंको चित्र कोरेका थिए । त्यसबेला ती योजनाहरूले विकासप्रेमी नागरिकमा आशा जगाएका थिए ।

### सोच र तथ्यको समागम

तर आज लगभग एक दशकपछि, हामीले स्वीकार गर्नुपर्ने वास्तविकता के हो भने सहरलाई केवल 'स्मार्ट' बनाउनु पर्याप्त छैन । जलवायु परिवर्तन, वायु प्रदूषण, अव्यवस्थित सहरी विस्तार, फोहोर व्यवस्थापन, खानेपानी संकट, नदी अतिक्रमण, खुला स्थानको कमी, भूकम्पीय जोखिम तथा सामाजिक विभेदजस्ता समस्याले देखाएको छ कि सहरलाई 'स्मार्ट' मात्र होइन, उत्थानशील, समावेशी र दिगो पनि बनाउनुपर्छ ।

नेपाल जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित मुलुकमध्ये एक हो । हिमालहरूमा हिउँ पग्लने दर बढ्दो छ । असामान्य वर्षा, बाढी, पहिरो, डुबान, खडेरी तथा गर्मीका लहरहरूले जनजीवनमा प्रत्यक्ष प्रभाव पारिरहेका छन् । ग्रामीण क्षेत्रमात्र होइन, सहरी क्षेत्र पनि जलवायु जोखिमको केन्द्र बन्दै गएका छन् । काठमाडौं उपत्यकामा वायु प्रदूषण विश्वकै उच्चस्तरमा पुग्ने गरेको छ । नदीहरू ढल निकासका माध्यममा परिणत भएका छन् । खुला स्थानहरू क्रमशः हराउँदै गएका छन् । सहरको प्राकृतिक वहन क्षमता कमजोर बन्दै गएको छ ।

सबैभन्दा बढी चिन्ताको विषय के हो भने यी समस्याहरूको दीर्घकालीन प्रभाव आजको युवा पुस्ताले भोग्नुपर्ने छ । यही कारणले 'मेरो सहर, मेरो भविष्य' भन्ने अवधारणा केवल नारामा सीमित रहनु हुँदैन । यो भावी पुस्ताको अधिकार, जिम्मेवारी र सहभागिताको विषय बन्नुपर्छ । आजका जेन-जी युवाहरू नेपालको इतिहासकै सबैभन्दा डिजिटल, सूचनासम्पन्न र विश्वसँग जोडिएका पुस्ता हुन् । उनीहरू सामाजिक सञ्जालका प्रयोगकर्तामात्र होइनन्; उनीहरू जलवायु न्याय, वातावरण संरक्षण, सामाजिक उत्तरदायित्व र सुशासनका पक्षधर पनि हुन् । तर विडम्बना के छ भने सहरको भविष्य निर्धारण गर्ने अधिकांश नीतिगत प्रक्रियामा युवाको आवाज अझै सीमित छ ।

### मेरो भविष्यको सहरको रहर

यदि हामी वास्तवमै भविष्यका लागि उपयुक्त सहर निर्माण गर्न चाहन्छौं भने युवालाई लाभग्राही होइन, सहनिर्माताका रूपमा स्वीकार गर्नुपर्छ । विद्यालय, विश्वविद्यालय, युवा क्लब, अनुसन्धान संस्था र स्थानीय सरकारबीच सहकार्य गरेर युवा सहभागितामा आधारित सहरी विकासको नयाँ मोडेल विकास गर्न सकिन्छ । युवा नेतृत्वमा जोखिम नक्सांकन, वायु गुणस्तर निगरानी, नदी संरक्षण, हरित पूर्वाधार प्रवर्द्धन, सामुदायिक विपद् तयारी तथा नागरिक अनुगमनका कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

संयुक्त राष्ट्रसंघीय विपद् जोखिम न्यूनीकरण कार्यालय (युएनडिआरआर) द्वारा प्रवर्द्धित 'मेकिङ सिटिज रिसाइलेन्ट (एमसिआर)-२०३०' अभियानले पनि यही सन्देश दिन्छ- सहरको विकास जोखिम बुझेर, योजना बनाएर र दिगो कार्यान्वयनमार्फत हुनुपर्छ । यस अभियानले स्थानीय सरकार, नागरिक समाज, निजी क्षेत्र र युवाबीचको सहकार्यलाई सहरी उत्थानशीलताको आधार मानेको छ ।

भविष्यको सहर कस्तो हुनुपर्छ भन्ने प्रश्नको उत्तर खोज्दा हामीले पूर्वाधारभन्दा पहिले मानिसलाई केन्द्रमा राख्नुपर्छ । सहर त्यस्तो हुनुपर्छ जहाँ विद्यार्थीहरू सुरक्षितरूपमा विद्यालय पुग्न सकून्, जहाँ महिलाहरू रातको समयमा पनि निर्भयतापूर्वक हिँड्न सकून्, जहाँ अपांगता भएका व्यक्तिहरूले सहजरूपमा सार्वजनिक सेवा प्राप्त गर्न सकून्, जहाँ वृद्धवृद्धाले सम्मानपूर्वक जीवनयापन गर्न सकून्, र जहाँ बालबालिकाले स्वच्छ हावामा सास फेर्न सकून् ।

सहर त्यस्तो हुनुपर्छ जहाँ सार्वजनिक यातायात निजी सवारीभन्दा आकर्षक होस्; जहाँ साइकल लेन र पैदलमार्गलाई प्राथमिकता दिइएको होस्; जहाँ वर्षाको पानी संकलन, हरित भवन, सौर्य ऊर्जा, फोहोर पुनर्चक्रण तथा नदी पुनर्जीवन सहरी विकासका आधारभूत तत्व बनेका हुन् । विकासको मापन केवल कति सडक बन्यो वा कति भवन बने भन्ने आधारमा होइन, कति हरियाली बढ्यो, कति प्रदूषण घट्यो, कति नागरिक सुरक्षित भए र कति युवाले अवसर पाए भन्ने आधारमा हुनुपर्छ ।

यदि आज हामीले नयाँ काठमाडौं निर्माण गर्ने अवसर पाउने हो भने सम्भवतः हामी नदीलाई ढलको रूपमा प्रयोग गर्ने थिएनौं । खुला स्थानहरूलाई भवनले भराउने थिएनौं । सार्वजनिक यातायातलाई उपेक्षा गर्ने थिएनौं । विकासलाई वातावरणको विरोधी ठान्ने थिएनौं । बरु प्रकृति र विकासबीच सन्तुलन कायम गर्ने सहर निर्माण गर्ने थियौं । तर समय हामीले गुमाइसकेका छौं ।

हामीले सम्झनुपर्छ कि भविष्यका सहरहरू प्रविधिलेमात्र निर्माण गर्दैनन्; ती नागरिकको चेतना, सहभागिता र उत्तरदायित्वले निर्माण गर्छन् । युवा पुस्तालाई निर्णय प्रक्रियामा सहभागी नगरिकन दिगो सहरको परिकल्पना सम्भव छैन ।

आजको पुस्तासामु एउटा ऐतिहासिक अवसर छ- सहरलाई केवल बसोबास गर्ने स्थानबाट अवसर, नवप्रवर्तन, समानता र वातावरणीय न्यायको केन्द्रमा रूपान्तरण गर्ने । यसका लागि स्थानीय सरकार, शैक्षिक संस्था, निजी क्षेत्र, नागरिक समाज र युवाहरूबीच साझा प्रतिबद्धता आवश्यक छ ।

अन्ततः सहरको भविष्य कस्तो हुन्छ भन्ने प्रश्नको उत्तर प्रविधिमा होइन, हाम्रो दृष्टिकोणमा निर्भर गर्दछ । यदि हामीले विकासलाई वातावरणसँग, समृद्धिलाई समावेशितासँग र आधुनिकतालाई दिगोपनसँग जोड्न सक्यौं भने काठमाडौंमात्र होइन, नेपालका सबै सहरहरू दक्षिण एसियाका लागि उदाहरण बन्न सक्छन् । भोलिको पुस्ताले हामीलाई एउटा प्रश्न अवश्य सोध्ने छ- 'जब सहरहरू संकटको मोडमा थिए, तब तपाईंहरूले के गर्नुभयो ?'

त्यस बेला हाम्रो उत्तर यस्तो हुनुपर्छ- हामीले छोटो लाभभन्दा दीर्घकालीन दिगोपन रोज्यौं । हामीले प्रदूषणभन्दा हरियाली रोज्यौं । हामीले बहिष्करणभन्दा समावेशिता रोज्यौं । हामीले जोखिमभन्दा सहनशीलता रोज्यौं । र, सबैभन्दा महत्त्वपूर्ण, हामीले भविष्यका पुस्ताका लागि जीवन्त, हरित र न्यायपूर्ण सहर निर्माण गर्ने बाटो रोज्यौं । किनकि, अन्ततः 'मेरो सहर' मात्र होइन, 'हाम्रो भविष्य' पनि यही सहरसँग जोडिएको छ ।

*(सुझावका लागिः पलभगउबलभद्धठरक्कबषीअक)*

## पाठक मञ्च

# भक्तपुरमा बेथितिका चाङ, संघीय सरकारको जाँदैन ध्यान

जनताले तिरेको कर र वैदेशिक ऋण तथा अनुदानबाट सरकारले विकास निर्माणका निम्ति बजेट विनियोजन गर्दछ । तर, करोडौं आएको बजेटमा लाखकोमात्र काम हुँदै आएको छ । उदाहरणका लागि कतै बाटो निर्माण गर्न एक करोडको बजेट आएको भएमा दशदेखि २० लाखको मात्र काम गरिन्छ । बाँकी रकम ठेकेदार, कर्मचारी, जनप्रतिनिधिले पचाउँछन् । यस्तै भक्तपुरमा पनि भएको छ ।

वि.सं. २०२४ सालमा तत्कालीन राजा महेन्द्रले भक्तपुर नगरपालिका वडा नम्बर १, सल्लाघारी तीनकुनेस्थित स्थानीयसँग प्रतिरोपनी एक हजार रूपैयाँमा १०८ रोपनी दुई आना एक दाम जग्गा किनेका थिए । ०६५ सालमा राजतन्त्रको अन्त्यसँगै यो जग्गा नेपाल ट्रस्टको स्वामित्वमा गयो । त्यसपछि जग्गा अतिक्रमण सुरु भयो ।

ट्रस्टले आफ्नो सम्पत्ति संरक्षणमा चासो नदिँदा विशेषगरी नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताले यो जग्गा हडपेर घरलगायत संरचना बनाए । त्यसबाट जोगाउन संघीय सरकारले २०७४ सालमा जग्गा घेराबन्दीका निम्ति तीन करोड रूपैयाँ बजेट दियो । भक्तपुर नगरपालिकाले जग्गा घेराबन्दी कार्य गऱ्यो । तर, यसमा पनि व्यापक भ्रष्टाचार भएको आरोप छ । जग्गामा तीनतिर पर्खाल लगाइएको छ भने खोला भएकोतर्फ खुला छ ।

पर्खाल लगाउँदा बढीमा २० देखि ३० लाख रूपैयाँ खर्च भएको स्थानीय दाबी गर्छन् । 'पर्खालको नाममा इँटा र सिमेण्टमात्र लगाइएको छ । त्यही दुई-तीन वटा फलामको गेट छ । त्यतिबेला निर्माण सामग्री खासै महँगो नभएकोले सबै गरेर बढीमा ३० लाख खर्च भएको हुनुपर्छ,' अधिकांश स्थानीय भन्छन् । संघीय सरकारको बजेटमा पर्खाल लगाइए पनि भक्तपुर नगरपालिका आफैंले निर्माण गरेको दाबी गर्छ ।

यतिमात्र होइन, भक्तपुर क्षेत्र नम्बर १, मा ०४८ सालदेखि संघीय वा प्रदेश सरकारले बजेट नै नदिएको नेपाल मजदुर किसान पार्टीका नेता, कार्यकर्ता झूटो दाबी गर्छन् । जनतालाई भ्रमित बनाउँछन् । त्यसैले, अब संघीय वा प्रदेश सरकारले भक्तपुर क्षेत्र नम्बर १, मा ०४८ सालदेखि हालसम्म कति बजेट दिइएको हो ? विवरण सार्वजनिक गर्नुपर्छ ।

गत फागुन २१ गतेको चुनावबाट भक्तपुर क्षेत्र नम्बर १ मा ३५ वर्षदेखि रहेको नेमकिपाको गढ तोडियो तर भ्रम फैलाउने क्रम अझै रोकिएको छैन । अहिले पनि उनीहरू जनतालाई आफ्नो पक्षतिर पार्न दाबी गरिरहेका छन् । भक्तपुरका सरकारी, सार्वजनिक, गुठी, ऐलानी जग्गामा नेमकिपा, एमाले र कांग्रेसका कार्यकर्ताहरूले ठूलठूला घर बनाएका छन् । मठमन्दिर, पाटीपौवा, इनार, ढुंगेधारासमेत मासेर घर ठड्याइएको छ । यसको ज्वलन्त उदाहरण भक्तपुर नगरपालिका-१, सल्लाघारी तीनकुने चौरस्थित यातायात कार्यालयअगाडि रहेको ठूलो घर हो ।

ती घरधनीले तीनवटा ढुंगेधारा मासेर घर बनाएको स्थानीयको आरोप छ । त्यसरी बनाइएको घरमा अहिले किरानादेखि फलफूल, ब्युटीपार्लरसम्म सञ्चालनमा छन् भने घर सम्पन्नता प्रमाणपत्र पनि पाइसकेको छ । ती घरधनीले राजनीतिक पहुँचकै आधारमा ढुंगेधारा मासेर बनाइएको घरकोसमेत सम्पन्नता प्रमाणपत्र पाएको स्थानीय बताउँछन् ।

यहाँ भक्तपुर नगरपालिकाको पनि मनलाग्दी छ । ट्रस्टको जग्गामा नगरपालिकाको रजाइँ चलेको छ । चौरअगाडि यातायात कार्यालय रहेकोले दैनिक सयौं सेवाग्राही आउँछन् । धेरैजसो सेवाग्राही मोटरसाइकल, स्कुटर वा चार पांग्रे सवारीसाधनमा आउँछन् । ती सवारीसाधन चौरमा पार्किङ गरिन्छ । यसरी पार्किङ गरेबापत घण्टाकै ३०० रूपैयाँसम्म तिर्नुपर्छ । रोचक कुराचाहिँ यातायात कार्यालय सञ्चालित घरलाई मासिक तीन लाख रूपैयाँ भाडा तिरिन्छ । जबकि, यो ठाउँमा ५० हजारमै एकदम राम्रा घरहरू भाडामा भेटिन्छन् । अर्को कुरा, एउटा यातायात कार्यालय रहेको १० मिनेटको दूरीमा अर्को पनि छ । राधेराधेमा पनि यातायात कार्यालय सञ्चालनमा छ । त्यो पनि भाडाकै घरमा, मासिक तीन लाख रूपैयाँ तिरिन्छ ।

एउटै मन्त्रालयको एकै प्रकृतिको कार्यालय १० मिनेटको दूरीमा सञ्चालन हुँदा राज्यलाई कति भार थपिरहेको छ ? यदि यी यातायात कार्यालय गाभिने हो भने खर्च त कम हुने नै छ सँगै बागमतीका दुर्गम जिल्लामा पनि यातायात कार्यालय पुग्ने छन् । यस्तै, ट्रस्टको स्वामित्वमा रहेको सल्लाघारी तीनकुने चौरमा दसैं-तिहारमा खसी, बोका, च्यांग्रा, भेडा बेचबिखन गर्न राखिन्छ । यसको पनि रकम नगरपालिकाले उठाउँछ ।

भक्तपुरमा ०२१ सालमा जग्गा नापी भएको थियो । त्यस क्रममा सल्लाघारी आर्मी ब्यारेक दायाँबायाँ, चंगा गणेशस्थान, खरिदपाटी, निकोसेरा, सिर्जनानगर पूरैसहित राधेराधेस्थित भाटभटेनी, निर्माणाधीन १५ तले भवन, राजेश हार्डवेयरलगायत रहेका जग्गा सरकारी, गुठी, ऐलानी र आर्यघाटको भनी राखिएको थियो । ०२९ सालसम्म यहाँ एउटै घर बनेका थिएनन् । ०३२ सालमा एक जनाले तीनकुने चौरअगाडि छाप्रो हाले । उनैले ०३५ सालमा ढुंगा, माटो र टायलको छानो हालेर घर बनाए ।

त्यतिबेला मुलुकमा पञ्चायती व्यवस्था थियो । ०४६ चैत २४ गते पञ्चायत ढलेर बहुदलीय व्यवस्था आयो । यसपछि यहाँको सबै जग्गा हडपियो । अहिले ७६ जिल्लाका जनताले यहाँ जग्गा किनेर घर बनाएका छन् । उनीहरूलाई थाहा छैन कि आफ्नो घर रहेको जग्गा सरकारी, गुठी, ऐलानी हो ।

भक्तपुरमा एक लाख ६७ हजार रोपनी सार्वजनिक जग्गा अतिक्रमण भएको सुनिन्छ । यहाँ चारवटा स्थानीय तह छन् । संघीय सरकारले अतिक्रमित सार्वजनिक जग्गा वा सम्पत्ति फिर्ता ल्याउने निर्णय गरे पनि भक्तपुरमा सबै मौन छन् । जनप्रतिनिधिदेखि सिडिओसम्मको यसतर्फ चासो गएको छैन ।

**- रूषा थापा**
भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**मकै घाममा सुकाइदै** | झापाको अर्जुनधाराका किसान घाममा मकै सुकाउँदै । *तस्विरः रासस*

# विपन्न समुदायका विद्यार्थीको भरोसा बन्दै 'महाकाली बहुप्राविधिक शिक्षालय'

**महेन्द्रनगर–** प्राविधिक शिक्षा अध्ययनको सौख तथा परिवारको आर्थिक अवस्थाले भ्याउन अपठयारो हुँदा पनि हुम्ला ताँजाकोट गाउँपालिका-१ का कमल खड्का प्राविधिक शिक्षा अध्ययनका लागि कञ्चनपुरको महेन्द्रनगर आइपुगे ।

हुम्लाको विकट बस्तीबाट एसइई अध्ययन सकेर खड्का अहिले महेन्द्रनगरस्थित महाकाली बहुप्राविधिक शिक्षालय तीन वर्षे डिप्लोमा कोर्ष 'फार्मेसी' को दोस्रो वर्षमा अध्ययनरत छन् । भीमदत्त नगरपालिका-६ ऐठपुरमा डेरा गरी बस्ने खड्का महेन्द्रनगर आउनुको मुख्य उद्देश्य नै प्राविधिक शिक्षा हासिल गर्नु हो ।

'बुवा गाउँमा ज्याला मजदुरी गरेर मलाई पढाइ खर्च जेनतेन जुटाइरहनुभएको छ, कृषिबाट परिवारको जोहो गर्न मुस्किल पर्छ,' खड्काले भने, 'बुवा भीरबाट लडेर अस्वस्थ्य भएपछि पढाइका लागि पहाडबाट पैसा नपठाएको वर्ष दिन भयो, शुल्क तिर्न बाँकी छ ।'

कर्णालीको हुम्लाका अधिकांश विद्यार्थीहरूको उच्च शिक्षा अध्ययनका लागि सुर्खेत, नेपालगञ्ज, काठमाडौंलगायतका सहर आउने गरेको भए पनि खड्का भने प्राविधिक शिक्षा अध्ययनका लागि न्यून खर्च लाग्ने भएकाले महेन्द्रनगर झरेको बताउँछन् । भीमदत्त नगरपालिका र सिटिइभिटीको साझेदारीमा २०७८ सालदेखि महाकाली बहुप्राविधिक शिक्षालय सञ्चालनमा छ । 'अन्त निजी कलेजभन्दा यहाँ डिप्लोमा कोर्स (तीन वर्षे) को शुल्क झण्डै ५० प्रतिशत सस्तो छ,' उनले भने, 'शुल्क आधाजस्तो लाग्ने भएकाले हामी जस्ता न्यून आय भएका विद्यार्थीहरूको रोजाइमा यो शिक्षालय परेको हो ।'

हुम्लामा निकै कष्टकर दैनिकीकाबीच एसइई गरेर महेन्द्रनगर पुगेका खड्काले गाउँसम्म जान अझै बस सुविधान नपुगेको बताए । 'सस्तो र गुणस्तरीय शिक्षा भएकाले अहिले हुम्लाका यहाँ दुई जना विद्यार्थी अध्ययनरत छौं,' उनले भने, 'तीन वर्षे अध्ययन पूरा गरेपछि अध्ययन अगाडि बढाउँदै जागिर खाने सोच छ ।'

बाजुराको गौमुल गाउँपालिका-१ की अनिता रोकाया पनि शिक्षालयमा ल्याव टेक्निसियन अध्ययन गर्दै छिन् । महेन्द्रनगरस्थित मझगाउँमा दाइसित डेरा गरी बस्ने रोकाया शिक्षालयमा शुल्क शुलभ भएकाले बाजुराबाट अध्ययनका लागि यहाँ आएको बताइन् ।

'बाजुरामा सिटिइभिटीबाट प्राविधिक शिक्षामा सहकार्य गरेको कलेज छैन,' उनले भनिन्, 'बुवाले भारतमा मजदुरी गरेर कमाइरहेको पैसाले म यहाँ प्राविधिक शिक्षा हासिल गर्दै छु ।'

बाजुराको बुंगल नगरपालिका-१ का नवराज धामी यहाँ फर्मेसी दोस्रो वर्षमा अध्ययरत छन् । शिक्षालयको नतिजा राम्रो भएको थाहा पाएर अध्ययनका लागि यहाँ आएको बताउँछन् । 'यो शिक्षालयबाट पास आउट भएको पहिलो र एकमात्रै व्याचमा अहिले धेरै जागिरमा छन्,' उनले भने, 'जीवनमा अझ बढी उपयोगी ठानेर प्राविधिक शिक्षा आर्जनका लागि डेरामा बसेर अध्ययन गर्दै छु ।'

प्रवीणता प्रमाणपत्र तह तीन वर्षे एचए, डिप्लोमा फार्मेसी, नेत्र विज्ञान र ल्याव टेक्निसियन गरी चार विधामा ४५० जना विद्यार्थी अध्ययरत रहेको महाकाली बहुप्राविधिक शिक्षालयका निर्देशक प्रमल साउदले जानकारी दिए । 'कर्णाली र सुदूरपश्चिमका अधिकांश जिल्लाबाट न्यून आयस्रोत भएका परिवारका विद्यार्थीहरू यहाँ अध्ययनका लागि धेरै आइरहेका छन्,' निर्देशक साउदले भने, 'दूध बेचेर, मजदुरी गरेर यहाँ छोराछोरी पढाइका लागि पढाउने परिवार धेरै छ ।'

स्थापनाको छोटो समयमै दुईपटक सुदूरपश्चिमको नमूना प्राविधिक शिक्षालय बनेको महाकाली बहुप्राविधिक शिक्षालय भीमदत्त नगरपालिका र सिटिइभिटीको सहकार्यमा सञ्चालित शैक्षिक संस्था हो । 'दुई पटक नमूना शिक्षालय घोषित भएर प्रदेश सामाजिक विकास मन्त्रालयबाट सहयोगस्वरूप ३० लाख रूपैयाँ प्राप्त गरेका छौं,' निर्देशक साउदले भने, 'अहिले पनि सिटिइभिटीले तोकेकोभन्दा ३३ प्रतिशत कम शुल्कमा विद्यार्थी पढाइरहेका छौं ।'

भीमदत्त नगरपालिकाले आगामी वर्षदेखि यहाँ अध्ययनरत विद्यार्थीहरूबाट छनोट गरी छात्रवृति दिने गृहकार्यसमेत अघि बढाएको साउदको भनाइ छ । 'शिक्षालयले प्रयोगात्मक अभ्यास शिक्षणका लागि कोहलपुर मेडिकल कलेज, गेटा आँखा अस्पताल, महाकाली प्रादेशिक अस्पताल लगायतसित सम्झौता गरेर विद्यार्थी अध्ययनका लागि गइरहेका छन्,' साउदले भने, 'विद्यार्थीको चाप बढिरहेकाले भविष्यमा नर्सिङ र डेन्टल साइन्सको अध्ययन सुरु गर्ने गरी अघि बढेका छौं ।' यहाँ झण्डै ८० प्रतिशत छात्रा विद्यार्थी अध्ययरत छन् । *रासस*


## दर्ता खारेजी सम्बन्धि ३५ दिने सूचना

प्रस्तुत विषयमा का.म.पा.३ नं. वडा कार्यालयमा दर्ता भएको संस्था दर्ता नं. १०९१/ज मिति २०६९/०६/०९ को मानध्वज लामा स्मृति प्रतिष्ठान नेपाल नामक संस्था का.म.पा.-०३, सामाखुसीमा रहेको संस्था मिति २०८३/०२/०९ गतेदेखि बन्द भएकोले दर्ता खारेजको सिफारिस पाँउ भनी निवेदन दिनु भएकोमा सो सम्बन्धमा बुझ्दा उक्त संस्थाले यस आ.ब. सम्मको कर चुक्ता गरिसकेको र सोही मितिदेखि बन्द भएकाले कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र दावी गर्न आउनु होला । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त संस्थाको दर्ता नियमानुसार खारेज गरिनेछ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## कम्पनीको विशेष दर्ता खारेजी सम्बन्धी १ दिने सूचना

यस कार्यालयको मिति २०६४/११/०८ मा दर्ता भएको **प्रा. लि. नं. ५१८१५** को **प्रणय विजिनेश** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०२/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८३/०२/२२**

यस कम्पनीको मिति २०८३/०१/०२ को साधारणसभा र विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी साविक कम्पनी **काठमाडौं कलेक्सन प्रा. लि.**को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने सम्पूर्ण कर दायित्व परिवर्तित कम्पनीले व्यहोर्ने गरी कम्पनी रजिट्रार कार्यालयको २०८३/०१/०९ को निर्णय अनुसार नाम परिवर्तन गरी **अमृत कलेक्सन प्रा. लि. (प्रा. लि. नं. ३०३४४४)** कायम गरिएको व्यहोरा सम्वद्ध सबैका लागि जानकारी गराइन्छ ।


बुटवलमा राष्ट्रिय परिचयपत्र लिन सास्ती

# बिहान ४ बजेदेखि लाइन बस्न बाध्य सेवाग्राही





■ दामोदर खनाल

**बुटवल–** बुटवलमा राष्ट्रिय परिचयपत्र लिन सेवाग्राहीले निकै सास्ती खेप्नु परेको छ । सेवाग्राहीहरू सेवा लिन बिहान ४ बजेदेखि नै इलाका प्रशासन कार्यालय बुटवल परिसरमा लाइन बस्न बाध्य छन् । जागिर, बैंकिङ सेवा, पेन्सनपट्टालगायत कामका लागि अनिवार्य गरिएपछि राष्ट्रिय परिचयपत्र बनाउनेको संख्या बढ्दै गएको हो ।

बुटवल नहरपुरबाट परिचयपत्र बनाउन आएकी शान्ति लामिछानेले बिहान ४ बजेदेखि लाइन लागेको गुनासो गरिन् । 'एकातिर गर्मी छ, अर्कोतिर सेवा पाउन गाह्रो रहेछ,' उनले भनिन् ।

रूपन्देहीको मुर्गियाबाट परिचयपत्र बनाउन आएका सुरज चौधरी आफू परिचयपत्र बनाउन तीन दिनदेखि लाइनमा लागेको गुनासो पोख्दै भने, 'दिनमा २०० कोटा तोकिन्छ, त्यही भएर सेवा लिन बिहानै आएर लाइनमा बस्नुपर्छ । हिजो अस्ति काम भएन, आज त सेवा लिन बिहानै लाइन लागेको छु, कोटाभित्र परिएला नि !'

बुटवल बेलवास शान्तिचोकबाट आएर छोरीको राष्ट्रिय परिचयपत्र लिन बिहान पौने ५ बजेदेखि लाइन लागेकी कौशलाले भनिन्, 'सेवा लिन गाह्रो छ, निद्रा मारेर आउन पर्छ ।'

इलाका प्रशान कार्यालय बुटवलमा राष्ट्रिय परिचयपत्रको सेवा लिनेको संख्या दैनिक ५०० हाराहारीमा हुने गरे पनि नयाँ फोटो खिच्नेको संख्या २०० देखि २५० जना रहने गरेको छ । यहाँ हाल चारवटा कम्प्युटरबाट काम भइरहेकाले छ जुन संख्याले सेवाग्राहीलाई आवश्यक सेवा दिन पर्याप्त नभएकोले दुई वटा कम्प्युटर थप्ने तयारी भइरहेको कार्यालयका प्रमुख श्रीनाथ पौडेलले जानकारी दिए ।

राष्ट्रिय परिचयपत्र फाँटका छ जना र प्रशासनतिरका छ जना गरी १२ जनाले काम गर्न पर्दा आवश्यकता अनुसार सेवा दिन नसकिएको कार्यालयको भनाइ छ । दैनिक २०० देखि २५० जनाको कोटा कायम गरेर राष्ट्रिय परिचयपत्रको काम गर्ने गरेको कार्यालय प्रमुख पौडेलले बताए । 'पुरानै दरबन्दीअनुसार कर्मचारी रहेकाले कामको चाप बढ्दा समस्या भएको हो,' उनले भने ।

रूपन्देही जिल्लाभन्दा बाहिर जिल्लाको करिब ५० प्रतिशतले सेवा लिने गरेको हुँदा कर्मचारी र उपकरण थप्नुपर्ने कार्यालयको भनाइ छ । यहाँ दैनिक १५० हाराहारी नागरिकता, १०० पासपोर्ट, परिचयपत्रको सेवा करिब ५०० ले गरी कूल ८०० देखि एक हजार जनताले सेवा लिँदै आएका छन् ।

हप्तामा दुई दिन बिदाका कारण सोमबार र मंगलबार कामको चाप बढी हुने गर्दछ भनी बुटवल पश्चिम क्षेत्रको महत्त्वपूर्ण केन्द्र भएकोले सेवाग्राहीको संख्या बढी हुने गरेको हो ।

गएको वैशाख मसान्तसम्म यो चालु आवमा इलाका प्रशासन कार्यालय बुटवलबाट राष्ट्रिय परिचयपत्रका लागि २६ हजार ७०० ले फोटो खिचाएका छन् भनी नागरिकता कूल १३ हजार ३९२ जनाले बनाएका छन् ।

# मेचीनगरमा दुईवटा 'सुरक्षित कक्ष' स्थापना

**झापा (प्रस)–** विश्व बैंकको अनुदानमा मेचीनगर नगरपालिकाले लैंगिक हिंसाबाट प्रभावित हुनेलाई सेवा प्रदान गर्नका लागि दुई वटा वडामा 'सुरक्षित कक्ष (सेफ स्पेस)' स्थापना गरेको छ ।

नगरमा गत वर्षदेखि गुरुयोजनाको रूपमा लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि सेवा पहुँच परियोजना लागू भएको छ । जसको एउटा एकाइको रूपमा 'सुरक्षित कक्ष' सञ्चालनमा ल्याइएको नगरपालिकाका महिला, वालवालिका तथा सामाज कल्याण शाखाकी प्रमुख जयन्ती खरेलले बताइन् । मेचीनगरको वडा नं. ८ र १५ मा 'सुरक्षित कक्ष' स्थापना गरिएको र नगरभित्र हिंसामा परेका नागरिकले त्यहाँ आएर सेवा लिन सक्ने उनले जानकारी दिइन् ।

'सुरक्षित कक्ष' मा हिंसामा परेका खासगरी बालबालिका, किशोरी र महिलाले सुरक्षित आश्रय र मनोपरामर्श प्राप्त गर्ने छन् । जोखिममा रहेका पीडितलाई सुरक्षाका लागि प्रहरी, न्यायका लागि अदालत र उपचारका लागि स्वास्थ्य निकायसम्म पुऱ्याउन त्यहाँका कर्मचारीले सहयोग पुऱ्याउने उनले बताइन् ।

हरेक 'सुरक्षित कक्ष' मा हिंसापीडितलाई तत्काल चाहिने सहयोग प्रदान गर्नका लागि एक जना केस मेनेजर, मनोपरामर्शदाता र केस वर्करको नियुक्ति गरिएको छ । समस्यामा परेका बालवालिका तथा किशोरीको पहिचान गरी उनीहरूलाई पहिलो सेवा दिने काम नै केस वर्करको भएको मेचीनगर-८ स्थित 'सुरक्षित कक्ष' की केस वर्कर शान्ति मेहराले बताइन् । कोशी प्रदेशमा सबैभन्दा बढी महिला हिंसाका घटना झापामा हुने गरेको प्रहरीको अध्ययनले जनाएको छ ।


## युएइमा रोजगार

कम्पनी : KAF ALRAKHA BUILDING MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/04/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२१ | LT. No. 327903 | चलानी नं. ६०२४१७९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 20 | 0 | 1200 | ५०,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २९ गते (12 June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MOBHIRA OVERSEAS SERVICE PVT. LTD.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054



## मलेसियामा रोजगार

कम्पनी : CCB MEDICAL DEVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२१ | LT. No. 340206 | चलानी नं. ६०२५३६५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Machine Operator | 5 | 4 | 1700 | ६४,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २९ गते (12 June 2026) मा हुनेछ ।
नोट : Mechanical Diploma पास गरेका व्यक्तिहरूलाइ विशेष प्राथमिकता दिइनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1610/079/80
CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, Manohari Adhikari 9851327379/ 9851074015, Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np



## कतारमा रोजगार

कम्पनी : PATISSERIE SUISSE

पूर्व स्वीकृति मिति : २०८२/04/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२१ | LT. No. 328594 | चलानी नं. ६०२४२४९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 2000 | ८४,१७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Clean Worker | 1 | 0 | 1000 | ४२,०९० | | | | | | | |
| 3 | Sales Persons | 4 | 0 | 1500 | ६३,१३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २९ गते (12 June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YUSHO GLOBAL PVT. LTD.
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## साउदीमा रोजगार

कम्पनी : SOURCE OF JOY RESTAURANTS FOR MEALS

पूर्व स्वीकृति मिति : २०८३/०२/२० | LT. No. 342192 | चलानी नं. ६०२५६१९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1999 | ८१,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २९ गते (12 June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## कतारमा रोजगार

कम्पनी : RARA FOR TRADING AND ELECTRICAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२१ | LT. No. 338187 | चलानी नं. ६०२५१६७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver All Vehicles | 4 | 0 | 2000 | ८४,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 4 | 0 | 2500 | १०५,२२० | | | | | | | |
| 3. | Office Cleaner | 3 | 0 | 1000 | ४२,०९० | | | | | | | |
| 4. | Painter Buildings | 2 | 0 | 1200 | ५०,५०५ | | | | | | | |
| 5. | Plumber General | 2 | 0 | 1200 | ५०,५०५ | | | | | | | |

कम्पनी : SCIENTIFIC GLOBAL LAB SUPPLIES

पूर्व स्वीकृति मिति : २०८२/१०/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२१ | LT. No. 338705 | चलानी नं. ६०२५२१०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | 1000 | ८४,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 2 | 0 | 2500 | १०५,२२० | | | | | | | |
| 3. | Office Cleaner | 2 | 0 | 1000 | ४२,०९० | | | | | | | |
| 4. | Painter | 2 | 0 | 1200 | ५०,५०५ | | | | | | | |
| 5. | Plumber Assistant | 2 | 0 | 1200 | ५०,५०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २९ गते (12 June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RED SUN EMPLOYMENT SERVICE PVT.LTD.(Red Sun Solutions Pvt.ltd)
Govt. License 1274/074/75
Chabahil-7, Chuchepati, Kathmandu, BAGMATI, Tel : +977-01-5210104,
Email: inforedsun2017@gmail.com, Web: www.redsunemployment.com.np



## जापानमा रोजगार

कम्पनी : ASEAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०२/२० | LT. No. 341133 | चलानी नं. ६०२५६२६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Equipment | 3 | 0 | 230080 | २२०,४२५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २९ गते (12 June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

# प्रभाव दैनिक

शुक्रबार, २२ जेठ २०८३ (Friday, 5 June 2026)





**पशुपति शर्मा अब फिल्ममा**

लोक तथा दोहोरी गायक पशुपति शर्मा फिल्म अभिनयमा डेब्यु गर्ने भएका छन् । रघुजी फिल्मस्को निर्माणमा बन्न लागेको फिल्म 'तीन तिघ्रे, क्या बिग्रे'बाट उनी फिल्ममा देखिन लागेका हुन् । फिल्मका लागि उनले रघुजी फिल्मस्सँग सम्झौता गरिसकेको निर्माता रघुनाथ सापकोटाले बताए । अमरदीप सापकोटाको पटकथा तथा निर्देशन रहने फिल्म असार दोस्रो सातादेखि छायांकनमा जानेछ । फिल्मको टाइटल सुन्दा हाँस्य कथावस्तुमा बन्न लागेको हो कि भन्ने अनुमान गर्न सकिन्छ ।



# 'बाः एक योद्धा'ले गऱ्यो नयाँ चार कलाकार सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं –** चलचित्र 'बाः एक योद्धा'ले नयाँ कलाकार रिबिल गरेको छ । पब्लिसिटी स्टाटेजी अन्तर्गत छायांकन सकेर पोस्ट प्रोडक्सनको चरणमा रहेको चलचित्रले नयाँ कलाकारको नाम सार्वजनिक गरेको हो ।

सागर खनाल, शिशिर सिवाकोटी, सुप्रिया शर्मा र शवि थापाको नाम निर्माण टिमले बिहीबार सार्वजनिक गरेको छ । छायांकन सकेर पोस्टको काम समेत सुरु भइसक्दा पनि यी कलाकारलाई निर्माण टिमले गोप्य राखेको थियो ।

'बाः एक योद्धा'मा यी बाहेक मुख्य भूमिकामा अभिनेत्री झरना थापा, सुहाना थापा र अभिनेता दिव्यदेव पन्त छन् । यी कलाकारको नाम भने यसअघि नै सार्वजनिक भइसकेको थियो । कलाकारको यो लाइनअपले सिनेमा बलियो बनेको अनुमान गर्न सकिन्छ ।

सागर खनाल चलचित्र '११:५५ तथा शिशिर सिवाकोटी 'बेहुली फ्रम मेघौली' र 'सानो संसार'बाट तारिफ बटुलेका अभिनेता हुन् ।

हरि लम्सालको लेखन तथा निर्देशन रहेको चलचित्र 'बाः एक योद्धा' भदौ १९ गतेबाट प्रदर्शनमा आउँदैछ । 'बाः एक योद्धा' कुशे औंसी अर्थात् बुबाको मुख हेर्ने दिनको पूर्वसन्ध्यामा प्रदर्शनमा आउन लागेको हो । सिनेमाको कथासँग रिलिज डेट म्याच गराउँदै यो सिनेमा कुशे औंसीमा प्रदर्शनमा आउन लागेको हो ।

नेपाली संगीत क्षेत्रमा दर्जनौं कालजयी गीत दिएका संगीतकार हरि लम्साल रचनाकार र गायक पनि हुन् । फिचर फिल्ममा भने 'बाः एक योद्धा' उनको पहिलो निर्देशन हो । आर्टिस्टिक इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको यो चलचित्रको कथासँगै पटकथा पनि लम्साल आफैंले लेखेका छन् ।

चलचित्र 'बाः एक योद्धा'का निर्माता वसन्त लम्साल हुन् । गायक तथा सर्जकसमेत रहेका लम्सालले यसअघि अभिनेता विपीन कार्कीलाई लिएर चलचित्र 'कर्मा' निर्माण गरेका थिए ।

'बाः एक योद्धा'ले नेपाली समाजको वास्तविक पक्षलाई उजागर गर्नेछ । नेपाली समाजमा परिवारमा सन्तानको भविष्यका लागि बुवाले गर्ने त्याग, संघर्ष र जीवनभर झेल्ने चुनौतीहरू 'बा : एक योद्धा'को मुख्य कथा हो ।

शिवराम श्रेष्ठको छायाकंन रहेको चलचित्रको मुख्य सहायक निर्देशकमा तारानाथ न्यौपाने छन् । 'बा : एक योद्धा' आशिष एच तामाङ र प्रदीप धामीको कुवेर सिने डिस्ट्रिब्युसनले वितरण गर्नेछ ।

# दर्शक भेट्दै प्रदर्शनरत चललित्रका कलाकार

**काठमाडौं (प्रस)–** चलचित्र भवनमा प्रदर्शनरत नेपाली चलचित्रका कलाकारले दर्शक भेटेर आफ्नो चलचित्रकाबारेमा प्रतिक्रिया लिनेक्रम बढेको छ । पछिल्ला दिनमा काठमाडौं उपत्यकासहित मोफसलका मुख्य सहरमा रहेका चलचित्र भवनमा पुगी दर्शकसँग भेट्दै चलचित्रको विषयमा प्रतिक्रिया लिनेक्रम बढेको देखिन्छ ।

यसले दर्शकको चाहनालाई प्रत्यक्ष रूपमा बुझ्न मद्दत गर्नुका साथै प्रचारप्रसारमा सहयोग हुने बुझाई चलचित्रकर्मीको छ । सोही कारण काठमाडौं उपत्यकासँगै पोखरा, चितवन, नेपालगञ्ज, बुटवल, दमक, विर्तामोड, धरान, इटहरीलगायत प्रमुख सहरमा पुग्ने चलचित्रकर्मीको संख्या पछिल्लो समय बढ्दो छ । चलचित्र चल्नुमा कथावस्तु, पात्र र अभिनयजस्ता पक्षका साथ प्रचारप्रसारको महत्वपूर्ण भूमिका हुने भनाइ सम्बद्ध क्षेत्रबाट आएको छ । यसै सन्दर्भमा सम्मानित अदालतको आदेश, सम्बद्ध समुदायका अभियन्ताको विरोध समर्थन र प्रचारप्रसारका क्रममा अभिनेता तथा अभिनेत्रीहरूको देशव्यापी दौडधूपका कारण चलचित्र लालीबजारलाई दर्शकले मनपराएको देखिन्छ ।

गत वैशाख २५ गतेदेखि प्रदर्शन भएको उक्त चलचित्रले घरेलुबजारमा रु आठ करोड बढीको कमाई गरिसकेको चलचित्र विकास बोर्डले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ ।

उक्त चलचित्रकी अभिनेत्री स्वस्तिमा खड्काले नेपालभरका दर्शकसँग भेटघाट गरे । आफ्नो चलचित्रका बारेमा प्रत्यक्ष समीक्षा लिन र दर्शकलाई धन्यवाद दिन चलचित्र भवन पुग्ने गरेको अभिनेत्री खड्काले बताए ।

उनले भने, 'हामीलाई दर्शकले दिनुभएको मायालाई प्रत्यक्ष भेटेर नै कृतज्ञता प्रकट गरिरहेका छौं । हामीले प्रत्यक्ष भेट्दा उहाँबाट पाउने प्रतिक्रिया र उहाँहरूको मुहारमा देखिने खुसीले थोरै भए पनि हाम्रोतर्फबाट धन्यवाद दिने मौका पाएँजस्तो लाग्छ । हामीलाई विश्वास गरेर आउनुभएका दर्शकलाई फर्किंदा पनि सोही विश्वास छ की छैन भनेर पनि हामीले बुझ्ने मौका पाउँछौं ।'

चलचित्र प्रदर्शन भएको चौथो सातामा पनि उनसहित चलचित्रका कलाकार तथा निर्देशक दर्शकसँग भेटघाट गरिरहेका छन् । मोफसलका मुख्यसहरमा भेटघाट गरिसकेपछि अब काठमाडौं उपत्यकामै भेटघाट केन्द्रित हुने उनले बताए । प्रायः चलचित्रको प्रचारमा सहभागी नहुने अभिनेता विपिन कार्की पनि यसपटक चलचित्र भवन पुगेर दर्शकसँग साक्षात्कार गरे । अभिनयमा अब्बल मानिने अभिनेता कार्की कलाकारको काम चलचित्र प्रचारभन्दा बढी निर्माणमा हुने मान्यता राख्छन् । यद्यपि, यसपटक उहाँ गत जेठ ८ देखि प्रदर्शनरत चलचित्र 'काजी' का लागि चलचित्र भवन पुगे ।

'दर्शकसँग भेटघाट गरेर प्रतिक्रिया लिँदा हामीले गरिरहेको कामका बारेमा प्रत्यक्ष बुझ्ने मौका पाउछौं, यो प्रायः रंगमञ्चमा हुन्छ भने पछिल्लो समय चलचित्र प्रदर्शन भएपछि हुने गरेको छ । म पनि चलचित्र प्रदर्शन भएका बेला समय मिलेसम्म दर्शक भेट्ने गर्छु', अभिनेता कार्कीले भने ।

हाल चलचित्र भवनमा प्रदर्शनरत चलचित्र 'मितज्यू'का अभिनेता दयाहाङ राई पनि समय मिलाएर चलचित्र भवन पुगिरहेका छन् । यसका साथै, चलचित्र 'रोल नम्बर १' अभिनेता मुकुन भुसाल, सुशांक मैनाली लगायतले चलचित्र प्रदर्शन भएपछि काठमाडौं उपत्यका अगाडि मोफसल पुगेर दर्शक भेटे । पछिल्लो समय नेपाली चलचित्र प्रदर्शन भएको साता वा चलचित्र भवनमा राम्रो दर्शक हुँदा कलाकारसहित निर्माण समूह दर्शकलाई भेट्न पुग्ने गरेका छन् ।

यसले चलचित्रको बारेमा प्रतिक्रिया पाउनुका साथै प्रचारप्रसार पनि हुने निर्माता तथा निर्देशकको भनाइ छ । चलचित्र भवन पुगेका कलाकारलाई भेट्ने, तस्बिर र श्रव्यदृश्य खिचेर दर्शकले आफ्नो सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्ने भएकाले पनि त्यसले प्रचार हुने विश्वास चलचित्रकर्मीको छ ।

## रंगशाला

# कुशलको कीर्तिमानी शतकमा नेपाल विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** ओपनर कुशल भुर्तेलले कीर्तिमानी सतक बनाएको खेलमा मलेसियालाई १६७ रनले हराउँदै नेपाल एसियाली खेलकुद छनोटको समूह 'ए' को विजेता बनेको छ । नेपालको जितमा कुशलले ५४ बलमा एक सय २६ रन बनाएका हुन् । उनी लगातार सतक बनाउने पहिलो खेलाडी समेत यही खेलबाट बने ।

बिहीबार सिंगापुरमा टस हारेर ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै २७६ रनको लक्ष्य दिएको थियो । नेपालले दिएको २७६ रनको लक्ष्य पछ्याएको मलेसियाले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १०८ रन मात्र बनायो । अब, नेपालले समूह 'बी' को उपविजेतासँग फाइनल प्रवेशको लागि आइतबार खेल्नेछ । समूह बी मा ओमान र हङकङ सेमिफाइनल पुगेपनि समूह विजेता टुंगो लाग्न बाँकी छ । लिग चरणमा उत्कृष्ट प्रदर्शन गरेका नेपाल र मलेसियासँगै ओमान र हङकङ पनि एसियाली खेलकुदमा स्थान बनाइसकेका छन् ।

नेपालको इनिङ्समा ओपनर कुशलले ५४ बलमा ज२६ रन बनाए । साइद अजिजको बलमा पवनदीप सिंहबाट क्याच हुनुअघि उनले १४ चौका र ८ छक्का हिर्काएका थिए । यसअघि उनले ४४ बलमा सतक बनाएका थिए । कुशल लगातार सतक बनाउने पहिलो नेपाली खेलाडी बनेका छन् । यसअघि चीनसँग पनि उनले १२९ रन बनाएका थिए ।

पछिल्लो एक महिनामा उनले तेस्रो सतक बनाएका छन् । यसअघि एकदिवसीय कीर्तिपुरमै अमेरिकाविरुद्ध अविजित १२० रन बनाएका थिए । उनी नेपालको लागि लगातार तीन सतक बनाउने पहिलो खेलाडी भएका छन् । यस्तै, उनले टी २० आईमा दुई सय चौका र एक सय छक्का पनि पूरा गरेका छन् ।

त्यस्तै, ओनपर आसिफ शेखले २४ बलमा ६८ रन बनाए । विरन्दीप सिंहको बलमा साइद अजिजबाट क्याच हुनुअघि उनले ५ चौका र ७ छक्का हानेका थिए । कप्तान दीपेन्द्रसिंह ऐरीले ११ बलमा ३१ रन जोडे । सन्दीप जोराले १४ बलमा १५ तथा लोकेश बमले ६ बलमा १० रनको योगदान गरेका हुन् । पूर्व कप्तान रोहितकुमार पौडेल भने डक भए । कुशल मल्ल ९ रनमा अविजित रहे ।

पहिलो विकेटको लागि आसिफ र कुशलबीच ५२ बलमा १३४ रनको साझेदारी भएको थियो । तेस्रो विकेटको लागि भुर्तेल र दीपेन्द्रबीच पनि २२ बलमा ५१ रनको दोस्रो ठूलो साझेदारी भएको हो ।

मलेसियाका विरन्दीपले सर्वाधिक तीन तथा साइद अजिज र विजय उनीले समान दुई विकेट लिएका थिए ।

# गौतमबुद्ध क्रिकेट रंगशालाको काम पुनः सुरू

■ प्रभाव संवाददाता

**चितवन –** रोकिएको गौतमबुद्ध क्रिकेट रंगशालाको काम पुनः सुरुभएको छ ।

बागमती प्रदेश सरकारबाट बजेट निकासामा ढिलाइ भएकाले यसअघि भुक्तानी नपाएको भन्दै निर्माण कम्पनीले एक महिना निर्माण कार्य रोकेको थियो । बागमती प्रदेश सरकारबाट रु नौ करोड निकासा भएपछि निर्माण कार्य पुनः सञ्चालन भएको भरतपुर महानगरपालिकाका इञ्जिनियर आदर्श पोखरेलले जानकारी दिए ।

महानगरपालिकाका डिभिजन इञ्जिनियर सन्तोष आचार्यले निर्माण कम्पनीलाई बिल अनुसारको भुक्तानी भइसकेको बताए । रंगशालाको निर्माणको काम हिमालयन कालिञ्चोक बिबिआर जेभीले गर्दै छ । ठेक्का सम्झौताको म्याद आगामी पुस २२ गते सकिन्छ । हाल ५५ प्रतिशत काम पूरा भएको छ । विसं २०८१ असारमा भरतपुर महानगरपालिका र निर्माण कम्पनीबीच २०८३ पुस २२ गते काम सक्ने गरी कूल रु ७५ करोड ५० लाख ९१ हजार १८९ मा सम्झौता भएको थियो ।

धुर्मस-सुन्तली फाण्डेशनले काम गर्न नसकेपछि महानगरपालिकाले बोलपत्रमार्फत काम थालेको हो ।


**साउदीमा रोजगार** कम्पनी : MARYAM HASSAN GHALTI COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/२१ LT. No. 342961 चलानी नं. ६०२५६२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ४०,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL WAKEEL ALUMINUM FACTORY

पूर्व स्वीकृति मिति : २०८३/०२/२१ LT. No. 342962 चलानी नं. ६०२५६२७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 10 | 0 | 1000 | ४०,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २९ देखि ३१ गते (12-14 June 2026) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

World King H.R.International Pvt.ltd.
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com
Govt. License 1700/081/82



**कतारमा रोजगार** कम्पनी : MELLOUY BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८३/०२/२१ LT. No. 342973 चलानी नं. ६०२५६२९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist | 0 | 1 | 1500 | ६३,१९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Public area attend/cleaner | 0 | 1 | 1000 | ४२,०९० | | | | | | | |
| 3 | Cleaners (Ladies) | 0 | 1 | 1000 | ४२,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २९ गते (12 June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1476/074/75
NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD
Gaushala, Pingalaisthan, Kathmandu, Nepal, Tel: 014598920, Mob: 9713026256, E-mail : nepallifera1476.2017@gmail.com



**साउदीमा रोजगार** कम्पनी : INDUSTRIAL RESERVIOR CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८३/०२/२१ LT. No. 342959 चलानी नं. ६०२५६२७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 15 | 0 | 1000 | ४०,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २९ गते (12 June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277, E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०



**मलेसियामा रोजगार** कम्पनी : SINPPA INDUSTRIAL SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२१ LT. No. 340302 चलानी नं. ६०२५३७२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 40 | 0 | 1700 | ६४,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: शिभ दर्शन पार्टी प्यालेस, पिंगलास्थान, गौशला-८, काठमाडौंमा मिति २०८३ जेठ २७ गते (10 June 2026) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: शिभ दर्शन पार्टी प्यालेस, पिंगलास्थान, गौशला-८, काठमाडौंमा मिति २०८३ जेठ २८ गते (11 June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

वैदेशिक रोजगार विभागको मिति २०८३/०१/०४ को पत्र अनुसार सम्पर्क व्यक्तिः सुनील कुमार चौधरी, सम्पर्क नम्बर : ९८०१८२०६६९
सम्पर्क स्थानः कार्यालय, काठमाडौं, पिङ्गलास्थान-०९, घर नं. १०५

R.K.H.R. SOLUTION PVT.LTD.
KMC-9, Gaushala, Kathmandu, Nepal, Tel : +977-5912861, Mob: 9818024001, 9801820670, E-mail : rkhrsolution2022@gmail.com
Govt. License 1565/079/80



**साउदीमा रोजगार** कम्पनी : MS ARABIA ENVIRONMENTAL SERVICES COMPANY ONE PERSON COMPANY.

पूर्व स्वीकृति मिति : २०८३/०२/२१ LT. No. 342970 चलानी नं. ६०२५६२८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 2 | 0 | 1800 | ७३,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २९ गते (12 June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HERA OVERSEAS PVT. LTD.
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम इजाजत नं. ५०१/०६१/०६२



**साइप्रसमा रोजगार** कम्पनी : PRIVATE EMPLOYMENT AGENCY (KOSTAKIS KONSTANIOU)

पूर्व स्वीकृति मिति : २०८३/०१/१६ LT. No. 341147 चलानी नं. ६०२५६२६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 0 | 25 | 400 | ७१,११६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २९ गते (12 June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1758/081/82
APPS OVERSEAS MANPOWER PVT. LTD
Bhimsengola - 31, Kathmandu, Nepal, Tel: +977 1 4536137, 9768722509
E-mail : appsmanpower2025@gmail.com Web: www.appsoverseas.com



**युएइमा रोजगार** कम्पनी : SOLUTIONS INVESTMENTS SERVICES - L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०८/१४ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२१ LT. No. 334543 चलानी नं. ६०२४७९६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Steel Fixer | 50 | 0 | 1200 | ४६,६२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Labour | 40 | 0 | 1000 | ३८,८५५ | | | | | | | |
| 3. | Carpenter | 25 | 0 | 1500 | ५८,२८४ | | | | | | | |
| 4. | Carpenter Assistant | 3 | 0 | 1200 | ४६,६२७ | | | | | | | |
| 5. | Mason. | 10 | 0 | 1500 | ५८,२८४ | | | | | | | |
| 6. | Steal Fixer | 25 | 0 | 1500 | ५८,२८४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २९ गते (12 June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81
STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com



**युएइमा रोजगार** कम्पनी : PRIME STAR SERVICES L L C S P C

पूर्व स्वीकृति मिति : २०८३/०२/२० LT. No. 342944 चलानी नं. ६०२५६२६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ELECTRICAL INSTALLATIONS | 4 | 0 | 1500 | ६२,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 4 | 0 | 1500 | ६२,५६५ | | | | | | | |
| 3. | Electrician Assistant | 30 | 0 | 1500 | ६२,५६५ | | | | | | | |
| 4. | Mechanic Assistant | 16 | 0 | 1500 | ६२,५६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ २९ गते (12 June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel:01-4375822/4375824, Mob:9841781155, 9808818851, 9851015421, 9746458492, 9761489786, E-mail:cm.seagull55@gmail.com, Web:www.seagullnepal.com.np



संयुक्त राज्य अमेरिकाको न्युयोर्कस्थित ब्रायन्ट पार्कमा सञ्चालित योग कक्षामा भाग लिँदै मानिसहरू । तस्विरः सिन्हवा

# ट्रम्पको इरान नीति कडा संकेत

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी सेनामाथि आक्रमणमा ज्यान गुमे इरानसँग कायम रहेको युद्धविराम अन्त्य गर्ने विषयमा विचार गर्न सक्ने संकेत गरेका छन् । सरकारी अधिकारीहरूका अनुसार उनले तेहरानलाई यस्तो घटनाको जिम्मेवार ठहरिएमा कूटनीतिक तथा सैन्य नीति पुनः समीक्षा हुन सक्ने स्पष्ट पारेका हुन् ।



अधिकारीहरूका अनुसार राष्ट्रपति ट्रम्पले यस क्षेत्रका 'हिंसात्मक झडप' र लगातार बढ्दो तनावका बाबजुद हवाई आक्रमणमा लागु गरिएको 'हप्तौँ लामो विराम' हाल कायम रहेको पुष्टि गरेका छन् । यसले तत्काल ठूलो स्तरको सैन्य कारबाहीतर्फ नजान चाहने तर परिस्थिति अनुसार निर्णय परिवर्तन हुन सक्ने संकेत दिएको बताइएको छ ।

समाचार स्रोतहरूका अनुसार राष्ट्रपतिको यो अडानले इरानसँग प्रत्यक्ष ठूलो सैन्य द्वन्द्वमा पुनः प्रवेश गर्न अनिच्छा देखाए पनि साना स्तरका भड्काउ घटनाहरू केही समय सहन सकिने नीति अपनाउन सकिने संकेत गरेको छ । यसले पश्चिम एसियामा ठूलो युद्धको जोखिम कम गर्नेतर्फ वासिङ्टन केन्द्रित रहेको विश्लेषण गरिएको छ ।

यसैबीच, संयुक्त राज्य अमेरिका र इरानबीच जारी कूटनीतिक वार्तामा गम्भीर गतिरोध देखिएको छ । तेहरानले सुरुमै रोक्का गरिएको अर्बौं डलर सम्पत्ति फुकुवा गर्नुपर्ने अडान राखेपछि वार्ता प्रभावित भएको बताइएको छ । विभिन्न अन्तर्राष्ट्रिय मिडिया रिपोर्टअनुसार इरानले सम्झौताको प्रारम्भिक चरणमै वित्तीय सम्पत्ति फुकुवा गर्नुपर्ने माग दोहोर्‍याएको छ, जसलाई वासिङ्टनले अस्वीकार गरेको छ ।

कूटनीतिक प्रयासलाई अगाडि बढाउन पछिल्लो समय तीव्र रूपमा ब्याक-च्यानल वार्ता भए पनि ठोस प्रगति हुन सकेको छैन । मध्यस्थकर्ताहरूले विवाद समाधानका लागि विभिन्न प्रस्ताव अघि सारे पनि दुवै पक्षले आफ्ना अडान नछाड्दा सहमति टाढिँदै गएको स्रोतहरूले जनाएका छन् ।

अमेरिकी अधिकारीहरूले स्पष्टरूपमा इरानसँग प्रारम्भिक चरणमै वित्तीय रियायत नदिने अडान लिएका छन् । उनीहरूका अनुसार आणविक कार्यक्रम र क्षेत्रीय सुरक्षा विषयमा ठोस प्रगति नभएसम्म कुनै पनि कोष फुकुवा गर्न सकिँदैन । यद्यपि राष्ट्रपति ट्रम्पले इरानसँगको वार्ता सकारात्मक दिशामा अघि बढिरहेको दाबी गरेका छन् । उनले सम्झौता अनिश्चित भए पनि संवाद जारी रहेको र केही विषयमा प्रगति हुन सक्ने सम्भावना रहेको बताएका छन् ।

ह्वाइट हाउसमा बोल्दै उनले इरानसँगको छलफल 'धेरै राम्रो' भएको टिप्पणी गरेका थिए । साथै उनले कुनै पनि सम्झौता निश्चित नभएको उल्लेख गर्दै 'केही पनि हुन सक्छ' भन्ने धारणा राखेका छन् ।

उनले इरानसँगको वार्ताबारे प्रतिक्रिया दिँदै परिस्थितिअनुसार सम्झौता छिट्टै हुन पनि सक्ने वा नहुन पनि सक्ने अवस्था रहेको जानकारी दिए । साथै उनले इरानसँग व्यवहार गर्दा परिस्थितिहरू अनपेक्षितरूपमा परिवर्तन हुन सक्ने बताए । यसै क्रममा सामुद्रिक सुरक्षा विषयमा पनि छलफल भएको उल्लेख गर्दै ट्रम्पले हर्मुज जलमार्ग पुनः पूर्णरूपमा सञ्चालनमा आउने विश्वास व्यक्त गरे । उनले इरानसँगको समझदारीपछि रणनीतिक जलमार्ग छिट्टै खुल्ने दाबी गरे ।

इरानको संवर्द्धित युरेनियम भण्डारबारे प्रतिक्रिया दिँदै उनले त्यसको व्यवस्थापनका लागि अमेरिका र चीनसँग मात्र आवश्यक क्षमता रहेको दाबी गरे । उनले उक्त सामग्री सुरक्षितरूपमा नियन्त्रणमा लिन चाहेको स्पष्ट पारे ।

यसैबीच अमेरिकी प्रतिनिधिसभाले इरानसँगको सैन्य कारबाही सीमित गर्ने उद्देश्यले डेमोक्रेट नेतृत्वको प्रस्ताव पारित गरेको छ । २१५-२०८ मतले पारित उक्त प्रस्तावले राष्ट्रपतिको सैन्य अधिकारलाई केही हदसम्म नियन्त्रण गर्ने उद्देश्य राखेको बताइएको छ । रिपब्लिकन सांसदहरूमध्ये केहीले पक्षमा मतदान गरेपछि उक्त प्रस्ताव पारित भएको हो । यसलाई ट्रम्प प्रशासनको मध्यपूर्व नीति र युद्ध व्यवस्थापनप्रति संसद्भित्र बढ्दो बहसको संकेतका रूपमा हेरिएको छ ।

विश्लेषकहरूका अनुसार यस घटनाक्रमले वासिङ्टन र तेहरानबीचको सम्बन्ध अझै जटिल र संवेदनशील अवस्थामा रहेको देखाएको छ, जहाँ कूटनीति र सम्भावित सैन्य तनाव दुवै समानान्तररूपमा अगाडि बढिरहेका छन् । *रासस/एएनआई*

# उत्तर कोरियाको आणविक दौड तीव्र

**सियोल–** उत्तर कोरियाले आफ्नो आणविक हतियार कार्यक्रमलाई अझ तीव्र बनाउने संकेतस्वरूप आणविक बमका लागि आवश्यक इन्धन उत्पादन गर्ने नयाँ संयन्त्र सार्वजनिक गरेको छ । राज्य सञ्चालित सञ्चारमाध्यमले सार्वजनिक गरेका विवरणअनुसार नेता किम जोङ उनले देशको आणविक शक्तिलाई तीव्र गतिमा विस्तार गर्ने लक्ष्य दोहोर्‍याएका छन्, जसले कोरियाली प्रायद्वीपमा सुरक्षा चिन्तालाई थप बढाएको छ ।



दक्षिण कोरियाली सेनाले सार्वजनिक गरिएको स्थललाई युरेनियम संवर्द्धन संयन्त्रका रूपमा मूल्यांकन गरेको जनाएको छ । दक्षिण कोरियाको संयुक्त सैनिक मुख्यालयले उत्तर कोरियाको आणविक गतिविधिमाथि निगरानी गर्न संयुक्त राज्य अमेरिकासँग नजिकको समन्वय भइरहेको जानकारी दिएको छ, यद्यपि उक्त स्थलसम्बन्धी थप विवरण सार्वजनिक गरिएको छैन ।

उत्तर कोरियाको सरकारी समाचार संस्था केसिएनएका अनुसार नयाँ सुविधामा 'अझ परिस्कृत प्रविधि' प्रयोग गरिएको छ । तर संयन्त्रको ठ्याक्कै स्थान, यसको उत्पादन क्षमता वा सञ्चालन सुरु भएको मिति खुलाइएको छैन । राज्य सञ्चारमाध्यमले सार्वजनिक गरेका तस्बिरहरूमा हतियार-स्तरको युरेनियम उत्पादनका लागि प्रयोग हुने सेन्ट्रिफ्युजहरूले भरिएको ठूलो हल देखिन्छ, जसले उत्तर कोरियाको आणविक कार्यक्रम निरन्तर विस्तार भइरहेको संकेत दिन्छ ।

नयाँ संयन्त्रको सार्वजनिकसँगै किमले पछिल्ला वर्षहरूदेखि अघि बढाउँदै आएको आणविक हतियार कार्यक्रम विस्तार गर्ने नीतिलाई थप स्पष्ट पारेका छन् । उनले अमेरिका नेतृत्वको सुरक्षा चुनौती र सैन्य दबाबलाई उत्तर कोरियाले आफ्नो आणविक क्षमता बढाउनुको मुख्य कारणका रूपमा प्रस्तुत गर्दै आएका छन् ।

केसिएनएका अनुसार किमले बुधबार उक्त आणविक केन्द्रको भ्रमण गरी सञ्चालन अवस्था र दीर्घकालीन उत्पादन योजनाबारे जानकारी लिएका थिए । भ्रमणका क्रममा उनले देशको आणविक प्रतिरोध क्षमता गुणस्तर र परिमाण दुवै हिसाबले अझ सुदृढ बनाउनुपर्ने आवश्यकता अझ बढ्दै गएको बताएका थिए ।

समाचार संस्थाले किमको भनाइ उद्धृत गर्दै उत्तर कोरिया 'सबैभन्दा हिंसक शत्रुहरू' सँग सामना गरिरहेको उल्लेख गरेको छ । यसलाई व्यापकरूपमा अमेरिका र दक्षिण कोरियातर्फ लक्षित टिप्पणी मानिएको छ । उनले बदलिँदो सुरक्षा वातावरण, विभिन्न खतराहरू र अन्तर्राष्ट्रिय संकटलाई पनि आणविक क्षमता विस्तारको औचित्यका रूपमा प्रस्तुत गरेका छन् ।

केसिएनएले उत्तर कोरियाको हतियार-स्तरको आणविक सामग्री उत्पादन क्षमता पाँच वर्षअघिको तुलनामा दोब्बरभन्दा बढी पुगेको दाबी गरेको छ । यद्यपि उक्त दाबी स्वतन्त्ररूपमा पुष्टि हुन सकेको छैन । त्यसैगरी, किम र अन्य वरिष्ठ अधिकारीहरूले देशको आणविक क्षमता उल्लेखनीयरूपमा बढाउने दीर्घकालीन महत्त्वाकांक्षी योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने निर्णय गरेको पनि केसिएनएले जनाएको छ ।

सार्वजनिक गरिएका तस्बिरहरूमा किम चाँदी रङका ट्युब र पाइपहरूले भरिएका सेन्ट्रिफ्युज हलजस्ता संरचनाबीच निरीक्षण गरिरहेको देखिन्छ । अर्को तस्बिरमा उनी वरिष्ठ अधिकारीहरूसँग बैठकमा सहभागी देखिएका छन् । बैठक कक्षमा राखिएको एउटा अस्पष्ट चित्रमा बमको अग्रभागजस्तो देखिने वस्तु देखिएको थियो, तर त्यो आणविक हतियारको नमूना हो वा होइन भन्ने स्पष्ट हुन सकेको छैन । उत्तर कोरियाले सेप्टेम्बर २०२४ मा अर्को गोप्य युरेनियम संवर्द्धन केन्द्र सार्वजनिक गरेको दुई वर्षभन्दा कम अवधिमा यो नयाँ खुलासा गरेको हो । सन् २०१० मा अमेरिकी आणविक विज्ञहरूलाई योङब्योनस्थित प्रमुख आणविक परिसर अवलोकन गराएपछि यस्ता सुविधाहरू सार्वजनिकरूपमा देखाइएको यो क्रम निरन्तर जारी छ ।

किमले सन् २०२४ मा पनि यस्तै एउटा संवर्द्धन केन्द्रको भ्रमणका क्रममा देशको आणविक शस्त्रागारलाई 'द्रुत गतिमा' विस्तार गर्न सेन्ट्रिफ्युजहरूको संख्या बढाउन र अझ उन्नत प्रविधिको विकास गर्न निर्देशन दिएका थिए । यसपटकको घोषणा पनि त्यही रणनीतिक दिशाको निरन्तरता मानिएको छ ।

उत्तर कोरियाले सन् २०१७ यता कुनै आणविक परीक्षण नगरे पनि पछिल्ला वर्षहरूमा आणविक हतियार बोक्न सक्ने विभिन्न प्रकारका क्षेप्यास्त्रहरूको विकास र परीक्षणलाई तीव्रता दिएको छ । तीमध्ये केही मिसाइलहरू एसियास्थित अमेरिकी सहयोगी राष्ट्रहरू मात्र नभई अमेरिकी मुख्य भूमिसम्म पुग्न सक्ने क्षमताका रहेको दाबी गरिएको छ । साथै किमले आणविक हतियारको मौज्दात बढाउन निरन्तर जोड दिँदै आएका छन् ।

दक्षिण कोरियाका एक वरिष्ठ अधिकारीले सन् २०१८ मा सांसदहरूलाई जानकारी दिँदै उत्तर कोरियासँग २० देखि ६० वटासम्म आणविक हतियार हुन सक्ने अनुमान प्रस्तुत गरेका थिए । तर पछिल्ला वर्षहरूमा केही अन्तर्राष्ट्रिय विज्ञहरूले उत्तर कोरियाको आणविक भण्डार १०० भन्दा बढी हतियारसम्म पुगिसकेको हुन सक्ने आकलन गरेका छन् । उत्तर कोरियाले प्रत्येक वर्ष थप छ देखि १८ वटासम्म आणविक हतियार उत्पादन गर्न सक्ने अनुमान पनि सार्वजनिक हुँदै आएको छ ।

गत वर्ष दक्षिण कोरियाका एकीकरण मन्त्री चुङ डोङ-युङले उत्तर कोरियाले योङब्योनसहित कम्तीमा चारवटा युरेनियम संवर्द्धन केन्द्र सञ्चालन गरिरहेको र ती नियमित रूपमा सक्रिय रहेको बताएका थिए । आणविक हतियार निर्माणका लागि अत्यधिक संवर्द्धित युरेनियम वा प्लुटोनियम आवश्यक पर्छ । उत्तर कोरियासँग योङब्योन आणविक परिसरमा यी दुवै प्रकारका सामग्री उत्पादन गर्ने क्षमता रहेको मानिन्छ । *रासस/एपी*

# चिडियाखानामा 'ट्रम्प' भैँसी

**ढाका–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग मिल्दोजुल्दो देखिएको भन्दै बंगलादेशको राष्ट्रिय चिडियाखानामा राखिएको 'डोनाल्ड ट्रम्प' नाम दिइएको दुर्लभ एल्बिनो भैँसी अहिले देशभरि ठूलो आकर्षण बनेको छ ।



सुनौलो रङको कपाल, पहेँलो सिंग र करिब ७०० किलोग्राम (१,५०० पाउण्ड) तौल भएको यो भैँसी गत साता चिडियाखानामा सारिएपछि ढाकामात्र नभई देशका विभिन्न भागबाट आगन्तुकहरूको भीड बढेको छ । सामाजिक सञ्जालमा यसको तस्बिर र भिडियो भाइरल भएपछि मानिसहरू यसलाई प्रत्यक्ष हेर्न चिडियाखानातर्फ आकर्षित भइरहेका छन् ।

यो भैँसी सुरुमा इस्लामिक पर्व इद अल-अधाका लागि बलिदानका रूपमा प्रयोग गरिने उद्देश्यले राखिएको थियो । तर सुरक्षा कारण देखाउँदै सरकारले यसलाई राजधानी ढाकास्थित राष्ट्रिय चिडियाखानामा स्थानान्तरण गर्न आदेश दिएको थियो । त्यहाँ अहिले अत्यधिक गर्मीकाबीच पनि ठूलो भीडले अवलोकन गरिरहेको छ ।

चिडियाखानामा मंगलबार आगन्तुकहरूको भीड बाक्लिएको देखिएको थियो । मानिसहरूले भैँसी रहेको खोर वरिपरि भीड लगाउँदै मोबाइल फोनबाट तस्बिर तथा भिडियो खिचिरहेका थिए । केही अभिभावकहरूले आफ्ना बालबालिकालाई राम्रो दृश्यका लागि काँधमा उचालेर देखाइरहेका दृश्य पनि देखिन्थे ।

चिडियाखानाका कर्मचारीहरूले जनावरको हेरचाह गर्दै कपाल कोर्ने, पानी हालेर चिसो राख्ने र गर्मीबाट जोगाउने प्रयास गरिरहेका छन् । आगन्तुकहरूका अनुसार यसले भैँसीलाई थप विशेष व्यवहार गरिएको अनुभूति दिएको छ ।

ढाकाका विद्यार्थी मोहम्मद नासिमले उक्त भैँसीको रूप, रङ र व्यवहार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग मिल्दोजुल्दो देखिएको टिप्पणी गरे । उनले यसले सामाजिक सञ्जालमा भाइरल भएपछि विशेष ध्यान र व्यवहार पाएको बताए ।

तर यस नामकरणबारे सबैको समान प्रतिक्रिया छैन । केही आगन्तुकहरूले जनावरलाई विश्व नेतासँग जोडेर नाम राख्नु अनुचित भएको टिप्पणी गरेका छन् । ढाकाका बासिन्दा मोहम्मद जोयनल अदेदिनले यस्तो निर्णय असम्मानजनक देखिएको बताउँदै किसानले गलत निर्णय गरेको धारणा राखे ।

स्थानीय मिडियाका अनुसार चिडियाखानामा सुरुमा 'डोनाल्ड ट्रम्प' लेखिएको सूचना बोर्ड राखिएको थियो, जसलाई पछि हटाइएको छ । यसै घटनासँग सम्बन्धित रूपमा चिडियाखानाका क्युरेटरलाई शनिबार बर्खास्त गरिएको भए पनि यसको आधिकारिक कारण सार्वजनिक गरिएको छैन ।

भैँसीको भविष्य पनि इद अल-अधाको सन्दर्भमा फेरिएको देखिन्छ । सुरुमा बलिदानका लागि बेचिएको उक्त भैँसीलाई पछि सरकारी हस्तक्षेपपछि फिर्ता गरिएको थियो । *रासस/एपी*

# पाकिस्तानको निर्यात वृद्धि

**इस्लामावाद (पाकिस्तान)–** पाकिस्तानको निर्यात ९.५९ प्रतिशतले बढेर मे महिनामा दुई अर्ब ७० करोड अमेरिकी डलर पुगेको जनाइएको छ । यसअघि गत अप्रिलको निर्यात दुई अर्ब ४७ करोड डलर रहेको पाकिस्तान ब्युरो अफ स्टयाटिस्टिक्स (पिबिएस) ले सार्वजनिक गरेको व्यापारिक तथ्यांकले जनाएको छ ।

अघिल्लो महिनाको तुलनामा मे महिनामा आयात २१.४५ प्रतिशतले घटेर पाँच अर्ब २९ करोड डलरमा झरेको जनाइएको छ, जसले मासिक व्यापार घाटा ३९.४३ प्रतिशतले घटाएर दुई अर्ब ५९ करोड डलरमा झारेको छ ।

वार्षिक आधारमा निर्यात सन् २०२५ को मे मा दुई अर्ब ६७ करोड डलरबाट १.२६ प्रतिशतले बढेर सन् २०२६ मे मा दुई अर्ब ७० करोड डलर पुगेको बताइएको छ । सोही अवधिमा आयात भने पाँच अर्ब ६६ करोड डलरबाट ६.६३ प्रतिशतले घटेर पाँच अर्ब २९ करोड डलरमा झरेको उल्लेख गरिएको छ ।

आर्थिक वर्ष २०२५-२६ (जुलाई-मे) को पहिलो ११ महिनामा पाकिस्तानको निर्यात अघिल्लो आर्थिक वर्षको समान अवधिमा २९ अर्ब ५६ करोड डलरबाट ५.६ प्रतिशतले घटेर २७ अर्ब नौ करोड डलरमा झरेको जनाइएको छ ।

यस अवधिमा आयात ५.९४ प्रतिशतले बढेर ६२ अर्ब ६६ करोड डलर पुगेको जनाइएको छ । यसको परिणाम स्वरूप जुलाई-मे को अवधिमा देशको व्यापार घाटा १७.४८ प्रतिशतले बढेर ३४ अर्ब ७६ करोड डलर पुगेको पिबिएसको तथ्यांकले देखाएको छ । *रासस/सिन्ह्वा*


**ईन्द्रावती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नवलपुर, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृतिको आशयको सूचना जारी गरिएको**

**प्रकाशित मितिः- २०८३/०२/२२**

मिति २०८३/०१/१७ गते प्रकाशित बोलपत्र सूचना बमोजिम तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र सारभुतरुपमा प्रभावग्राही भएकोले सार्वजानिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) अनुसार बोलपत्र स्वीकृतिको लागि आशयको सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

तपशिलः-

| क्र. सं. | बोलपत्र नं. | ठेक्काको नाम | छनौट भएको बोलपत्रदाता | कबोल अंक रू. (मू.अ.कर सहित |
|---|---|---|---|---|
| १. | IRMSI/GOODS/R/083/084-01 | ईन्द्रावती नदी तर्फ ईन्द्रावती गाउँपालिका क्षेत्रको कोइरालटार, आँपटार, भीमटार, न्यौपानेटार, धुसेनी, होस्टेदोभान, सिस्नेखोलादोभान, माझीटार, ढोटार, बदेली, ओडारे बगरहरुको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा स्वीकृत परिमाणको ढुंगा, गिटी, बालुवा, ग्राभेल, रोडा र दहत्तर बहत्तरको संकलन एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) । | श्री स्वराज कन्स्ट्रक्सन, मेलम्ची सिन्धुपाल्चोक | १३,०५,२७,५५५।४३ |

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ३११९०० | प्रति तोला - ० | प्रति तोला - ५२८५ |



**ताल बाराहीमा भक्तजन**

पर्यटकीय राजधानी पोखराको फेवाताल बीच भागमा अवस्थित तालवाराही मन्दिरमा दर्शन गर्न डुङ्गा सयर गरेर जाँदै भक्तजन ।

*तस्बिर: हरिप्रसाद बाँस्तोला/रासस*

# बजेट कार्यान्वयनमै अर्थविद्को जोड

■ प्रभाव संवाददाता

**काठमाडौं-** सरकारले आगामी आर्थिक वर्षका लागि सार्वजनिक गरेको रु २१ खर्ब २४ अर्ब ३४ करोड बराबरको बजेटप्रति अर्थशास्त्री, नीतिनिर्माता तथा उद्योग क्षेत्रका जानकारहरूले मिश्रित प्रतिक्रिया दिएका छन् ।

उनीहरूले लगानी, नवप्रवर्तन र डिजिटल रूपान्तरणलाई प्राथमिकता दिइएकामा त्यसलाई सकारात्मक भन्दै कार्यान्वयनमा जोड दिएका छन् र त्रिभुवन विश्वविद्यालय, केन्द्रीय अर्थशास्त्र विभागअन्तर्गत इकोनोमिक्स स्टुडेन्ट्स सोसाइटी (इकोस) ले बुधबार आयोजना गरेको बजेटसम्बन्धी छलफलमा पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाले बजेटले अर्थतन्त्रका केही संरचनागत समस्यालाई पहिचान गरेको भए पनि उत्पादन तथा उद्यमशीलता प्रवर्द्धनका लागि अपेक्षित प्रोत्साहन गर्न नसकेको टिप्पणी गरे ।

उनले सरकारले लगानी र उद्यमशीलता विस्तारको लक्ष्य राखे पनि कम्पनी करको दर घटाउन नसकेकोप्रति प्रश्न उठाए । 'यदि सरकार साँच्चिकै उद्योग तथा लगानी प्रवर्द्धन गर्न चाहन्छ भने २५ र २० प्रतिशत रहेको कम्पनी करलाई क्रमश: २० र १५ प्रतिशतमा किन नझारिएको हो ?' उनले प्रश्न गरे । उनका अनुसार उपभोगसँग सम्बन्धित कर संरचनामा केही परिवर्तन भए पनि उत्पादनमूलक क्षेत्रलाई प्रवर्द्धन गर्ने कर नीतिमा पर्याप्त सुधार देखिएको छैन । उच्चतम व्यक्तिगत आयकरको दर ३९ प्रतिशतबाट २९ प्रतिशतमा झारिएको व्यवस्थाले उपभोगमुखी वृद्धिलाई मात्रै टेवा पुग्ने उनको भनाइ थियो । 'रोजगारीमुखी आर्थिक रूपान्तरण चाहने हो भने साना, मझौला तथा घरेलु उद्योगको स्थापना र विस्तारलाई प्राथमिकता दिनुपर्छ,' डा. खतिवडाले भने ।

उनले सूचना प्रविधि क्षेत्रमा विदेशमा संस्थागत लगानी गर्न दिने व्यवस्था तथा नेपाललाई अति कम विकसित राष्ट्रको सूचीबाट स्तरोन्नतिपछिको अवस्थाबारे पुनर्विचार गर्ने प्रयासलाई सकारात्मक रूपमा लिए ।

सरकारले आगामी आर्थिक वर्षका लागि सार्वजनिक गरेको बजेट नेपालको इतिहासकै सबैभन्दा ठूलो बजेट हो । यो चालु आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा २५ दशमलव २ प्रतिशतले बढी हो । बजेटमार्फत सात प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखिएको छ भने संरचनात्मक सुधार तथा लगानी अभिवृद्धिसम्बन्धी विभिन्न कार्यक्रम अघि सारिएका छन् ।

नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर डा. चिरञ्जीवी नेपालले बजेटलाई विद्यमान आर्थिक नीतिको निरन्तरताका रूपमा व्याख्या गर्दै डिजिटल रूपान्तरण र कृत्रिम बौद्धिकतालाई विशेष प्राथमिकता दिइएको बताए । उनले राजस्व संकलनको चुनौतीप्रति चिन्ता व्यक्त गर्दै बजेटका आय तथा खर्चका अनुमान यथार्थपरक छन् वा छैनन् भन्ने प्रश्न उठाए । सरकारी लक्ष्यअनुसार राजस्व संकलन हुन सक्छ वा सक्दैन भन्ने चुनौती रहेको डा. नेपालको भनाइ थियो । सरकारी खर्चबाट माग वृद्धि भई आयात बढ्न सक्ने तथा त्यसले बाह्य क्षेत्रमाथि थप दबाब सिर्जना गर्न सक्ने बताऐ । विप्रेषणमा देशको निर्भरता अझै जोखिमपूर्ण रहेको उनले उल्लेख गरे ।

डिजिटल नीतिका जानकार अमृता शर्माले बजेटमा डिजिटल रूपान्तरणलाई प्राथमिकता दिइएको पक्षको स्वागत गर्दै यसले सार्वजनिक सेवा प्रवाह, पारदर्शिता र सुशासन सुधारमा योगदान पुऱ्याउन सक्ने बताए ।

उनले सूचना प्रविधि क्षेत्रलाई कर सुधारमार्फत प्रोत्साहन, गैरआवासीय नेपाली लगानी आकर्षित गर्ने नीति तथा कृत्रिम बुद्धिमत्ता र डाटा सेन्टर विकाससम्बन्धी कार्यक्रमलाई सकारात्मक रूपमा लिए ।

'महत्वाकांक्षा सराहनीय छ, तर कार्यान्वयन नै मुख्य प्रश्न हो,' उनले भने । पूर्वाधार विकाससँगै दक्ष जनशक्ति उत्पादनमा पर्याप्त ध्यान नदिइएको उनको टिप्पणी थियो ।

आध्यन्त फण्ड म्यानेजमेन्टका संस्थापक तथा अध्यक्ष मनोज पौडेलले बजेटको संरचनालाई उत्कृष्ट भन्दै अधिकांश लक्ष्य हासिल गर्न भने चुनौतीपूर्ण हुने बताए ।

उनले औद्योगिक कच्चा पदार्थमा कर छुट तथा औद्योगिकीकरणलाई प्रोत्साहन गर्ने व्यवस्थाको स्वागत गर्दै सात प्रतिशत आर्थिक वृद्धिको लक्ष्य राखिएको अवस्थामा पुँजीगत खर्च घटाइनु विरोधाभासपूर्ण रहेको बताए । उनका अनुसार बजेटको मूल्यांकन राजस्व संकलन, खर्च कार्यान्वयन क्षमता तथा नीतिगत पूर्वानुमेयता गरी तीन आधारमा गर्नुपर्ने हुन्छ । 'नेपालको पुँजीगत खर्च कार्यान्वयन क्षमता अझै कमजोर छ र प्रशासनिक संयन्त्रको कार्यान्वयन क्षमता पनि चुनौतीपूर्ण छ,' उनले भने ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा. पुकार मल्लले बजेटले उत्पादनशील परियोजना, नवप्रवर्तन तथा सार्वजनिक सेवा प्रवाह सुधारलाई प्राथमिकता दिएको बताए ।

उनका अनुसार समस्या नीतिको अभाव नभई कार्यान्वयन संयन्त्रको कमजोरी हो । बलियो सुशासन, नतिजामुखी मूल्यांकन प्रणाली तथा छरिएका कार्यक्रमको एकीकरणमार्फत कार्यान्वयनमा सुधार गर्न सकिने उनको भनाइ थियो ।

## कर्पोरेट

### ग्लोबल आइएमईको अगुवाइमा सुपर तमोर जलविद्युतको वित्त व्यवस्थापन




**काठमाडौं (प्रस)-** ग्लोबल आइएमई बैंक लिमिटेडको अगुवाइमा १६६ मेगावाट क्षमताको सुपर तमोर जलविद्युत आयोजनाको लागि वित्तीय व्यवस्थापनसम्बन्धि दुई पक्षीय सम्झौतामा हस्ताक्षर भएको छ ।

यस आयोजनाको प्रवर्द्धक कम्पनी क्रिष्टल पावर डेभलपमेण्ट प्रा.लि. र सहभागी बैंकहरूबिच वित्तीय व्यवस्थापनका लागि सम्झौता भएको हो । उक्त सम्झौतामा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीको उपस्थितीमा बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत दिपचन्द्र रेग्मी र क्रिष्टल पावर डेभलपमेण्ट प्रा. लि. का कार्यकारी प्रमुख कृष्णप्रसाद आचार्यलगायत सहअगुवाई तथा सहभागि बैंकहरूका प्रतिनिधिहरूले हस्ताक्षर गरेका छन् ।

कूल २५ अर्ब रूपैयाँ अनुमानित लागत रहेको उक्त आयोजनामा ग्लोबल आइएमई बैंकको अगुवाइ, सिद्धार्थ बैंक, लक्ष्मी सनराइज बैंक, प्रभु बैंक सहअगुवाई र कृषि विकास बैंक र नेपाल एसबिआई बैंकको सहभागितामा बनेको कन्सोर्टियमले करिब १९ अर्ब रूपैयाँ लगानी गर्नेछ । जसमध्ये ग्लोबल आइएमई बैंकले ५ अर्ब रूपैयाँ, सिद्धार्थ बैंकले ४ अर्ब रूपैयाँ, लक्ष्मी सनराइज बैंकले ४ अर्ब रूपैयाँ, प्रभु बैंकले ३ अर्ब ५० करोड रूपैयाँ, कृषि विकास बैंकले १ अर्ब ५० करोड तथा नेपाल एसबिआई बैंक १ अर्ब रूपैयाँ लगानी गर्ने छन् ।

सम्झौतापश्चात् ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले यस आयोजना निर्धारित समयसिमाभित्र सम्पन्न भई राज्यको उर्जा उत्पादन क्षमतामा वृद्धिहुने र निर्यात प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास बैंकको रहेको छ ।

साथै, यस आयोजनाको लागि शुभकामना व्यक्त गरे । ताप्लेजुङ्ग जिल्लाको फक्ताङलुङ गाँउपालिकाका स्थित तमोर नदिमा निर्माण हुने १६६ मेगावाट क्षमताको जलविद्युत आयोजनाको अनुमानित लागत २५ अर्ब रूपैयाँ रहेको छ ।

सम्झौताअनुशार बैंकले ७५ प्रतिशत लगानी गर्नेछ र बाँकी २५ प्रतिशत रकम संस्थापक तथा अन्य लगानीकर्ताबाट लगानी व्यवस्थापन गरिनेछ । यो आयोजना निर्माण सुरु भएको मितिबाट ५ वर्ष भित्र निर्माण सम्पन्न हुनेछ ।

### शेयर प्रत्याभूतिका लागि पिपुल्स इनर्जी र ज्योति क्यापिटलबीच सम्झौता

PEOPLES ENERGY LIMITED
ज्योति क्यापिटल लि.
JYOTI CAPITAL LTD.

**काठमाडौं (प्रस)-** पिपुल्स इनर्जी लिमिटेड र ज्योति क्यापिटलबीच शेयर प्रत्याभूतिका लागि सम्झौता भएको छ । पिपुल्स इनर्जीले सर्वसाधारणलाई जारी गर्न लागेको ६६,००,००० थान साधारण शेयरको प्रति शेयर अङ्कित मूल्य रु. १००/- का दरले कुल रु. ६६,००,००,०००/– (अक्षरेपी छैसठ्ठी करोड मात्र) को प्रत्याभुति ज्योति क्यापिटलले गर्ने भएको हो ।

ज्योति क्यापिटल लिमिटेडको रजिष्टर्ड कार्यालय, कमलपोखरी, काठमाडौंमा आयोजित एक समारोहबिच ज्योति क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत विकास ढकाल र पिपुल्स इनर्जी लिमिटेडका तर्फबाट महाप्रबन्धक जनार्दन अर्यालले शेयर प्रत्याभुति गर्ने सम्झौतापत्रमा हस्ताक्षर गरे ।

ज्योति विकास बैंकको सहायक कम्पनीको रूपमा रहेको ज्योति क्यापिटलको चुक्ता पुँजी २१ करोड रहेको छ । हरेक ग्राहकहरूको सम्पन्नताको सहयात्री बन्ने अभिलाषा बोकेको ज्योति क्यापिटलले नेपाल धितोपत्र वोर्डबाट मर्चेन्ट बैंकरको कार्य गर्न अनुमती प्राप्त गरी धितोपत्रको निष्काशन तथा बिक्री प्रवन्धक, लगानी व्यवस्थापन, संस्थागत परामर्श, धितोपत्रको प्रत्याभूति तथा शेयर रजिष्ट्रार सम्बन्धी सेवा प्रदान गर्दै आएको छ ।

### भन्सारमा विशेष सुविधा लिएको आरोप निराधार : साइमेक्स इंक

**काठमाडौं (प्रस)-** नेपालमा चिनियाँ विद्युतीय सवारी निर्माता बीवाइडीको आधिकारिक वितरक साइमेक्स इंक प्रालिले पछिल्लो समय सार्वजनिक वृत्तमा उठाइएका आरोपहरूको खण्डन गर्दै आफ्नो सम्पूर्ण आयात प्रक्रिया कानुनसम्मत र पारदर्शी रहेको जनाएको छ । आर्थिक वर्ष २०८३/८४ को बजेट सार्वजनिक हुनुअघि ठूलो संख्यामा विद्युतीय सवारी नेपाल भित्र्याइएको विषयलाई लिएर विभिन्न आशंका र टिप्पणीहरू सार्वजनिक भइरहेका बेला साइमेक्सले विस्तृत तथ्यांकसहित आफ्नो धारणा सार्वजनिक गरेको हो ।



कम्पनीका अनुसार मुस्ताङस्थित कोरला नाकाबाट मात्रै मे २२ देखि २७ सम्मको अवधिमा बीआइडीका अट्टो १ र अट्टो २ मोडेलका ६४९ वटा विद्युतीय सवारीसाधन नियमित भन्सार प्रक्रिया पूरा गरेर नेपाल भित्रिएका हुन् । त्यस्तै रसुवा भन्सारमार्फत अट्टो १, सिलायन, अट्टो २ र अट्टो ३ गरी थप ४७२ वटा सवारी आयात गरिएको कम्पनीले जनाएको छ । यसरी दुई प्रमुख भन्सार नाकामार्फत कुल १ हजार १ सय २१ वटा विद्युतीय सवारी कानुनी प्रक्रिया पूरा गरी आयात भएको साइमेक्सको दाबी छ । यस्तै थप २२६ वटा सवारी चीनतर्फको भन्सार क्षेत्रमा पुगेको भए पनि हालसम्म नेपालतर्फको जाँचपास प्रक्रिया पूरा नभएको कम्पनीले स्पष्ट पारेको छ ।

साइमेक्सले कुनै पनि चरणमा विशेष सुविधा, प्राथमिकताप्राप्त प्रक्रिया वा अनधिकृत भन्सार व्यवस्थाबाट लाभ नलिएको दाबी गरेको छ । कम्पनीका अनुसार ग्राहकबाट पहिल्यै सुनिश्चित भइसकेका बुकिङ पूरा गर्न, बढ्दो माग सम्बोधन गर्न तथा उत्पादन र ढुवानी तालिकाअनुसार सवारी आयात गरिएको हो । कम्पनीले गरी कर परिवर्तनबाट जोगिन खोजेको वा कुनै अनुचित लाभ लिएको भन्ने आरोपलाई पूर्णत: निराधार, असत्य र प्रतिष्ठामाथि आघात पुऱ्याउने प्रयासको संज्ञा दिएको छ ।

साइमेक्सले बीवाइडीका सवारीसाधन आयातसम्बन्धी सम्पूर्ण कागजात, भन्सार घोषणा विवरण, ढुवानी अभिलेख, सीमा प्रवेशसम्बन्धी प्रमाण, भुक्तानी विवरण तथा जाँचपास स्वीकृतिका कागजात सम्बन्धित निकायलाई उपलब्ध गराउन तयार रहेको जनाएको छ । साथै कुनै पनि वैधानिक अनुसन्धान वा छानबिनलाई स्वागत गर्ने कम्पनीको भनाइ छ । पछिल्लो समय विद्युतीय सवारी बजारमा बीवाइडीको बढ्दो प्रभाव र उच्च मागबीच कम्पनीमाथि विभिन्न आरोपहरू सार्वजनिक भइरहेका छन् । तर साइमेक्सले सार्वजनिक गरेको विवरणले हालसम्म उठाइएका आरोपहरू तथ्यभन्दा बढी आशंका र अनुमानमा आधारित रहेको संकेत गरेको छ । कम्पनीले अप्रमाणित सूचना र अफवाहको आधारमा समाचार तथा टिप्पणीहरू प्रसारण नगर्न सञ्चारमाध्यम र सरोकारवालासँग आग्रह गर्दै नेपालको स्वच्छ ऊर्जा र विद्युतीय सवारी रूपान्तरण अभियानमा आफू प्रतिबद्ध रहेको जनाएको छ ।

## २० मेगावाटसम्मका आयोजना प्रदेशले बनाउने

**सुर्खेत (प्रस)-** संघ सरकारको सहकार्यमा कर्णाली प्रदेशले सार्वजनिक निजी साझेदारीमा २० मेगावाटसम्मको जलविद्युत् आयोजना आफैँले निर्माण गर्ने भएको छ । 'कर्णालीको पानी-जनताको लगानी' अभियानअन्तर्गत निर्माण हुने २० मेघावाटसम्मका जलविद्युत् आयोजना कर्णालीवासीकै सेयर लगानीबाट गर्ने प्रदेशका मुख्यमन्त्री यज्ञराज जोशीले जानकारी दिए ।

डोल्पामा निर्माणाधीन जगदुल्ला (ए लगायतका जलविद्युत् आयोजना प्रदेश सरकारकै लगानीमा गरिने भएको छ । कर्णाली प्रदेश सरकारले हालै सार्वजनिक गरेको नीति तथा कार्यक्रममा सौर्य, वायु ऊर्जा, लघु तथा साना जलविद्युत् र मिनी ग्रिडमार्फत विद्युत् विस्तार गरिने उल्लेख छ ।

## हुरीले केराखेती नष्ट

**झापा (प्रस)-** गतहप्ता आएको हुरी वर्षाले झापाका विभिन्न स्थानमा गरिएको केराखेती नष्ट भएको छ झापामा यसवर्ष एक हजार ९१८ हेक्टर क्षेत्रफलमा केराखेती गरिएको थियो । हावा र वर्षाका कारण रु दुई करोड १२ लाख ८६ हजार २ ९२ बराबर क्षति पुगेको प्रारम्भिक अनुमान छ । २९.९७ हेक्टर क्षेत्रफलमा लगाइएको केराखेती पूर्णरूपमा नष्ट भएको कृषि ज्ञान केन्द्रले जनाएको छ। झापा, बाह्रदशी र कन्काईमा लगाइएको केराखेतीमा हुरी र वर्षाका कारण क्षति पुग्न गएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले जानकारी दिए।

## मानिस हराएको सूचना

**मिति : २०८३/०२/१७ गते स्वयम्भु घरबाट घुम्नको लागि बाहिर निस्केको व्यक्तिको हालसम्म सम्पर्क हुन नसकेको ।**



नाम : वाङदुङ थापा तामाङ्ग
स्थायी ठेगाना : धादिङ रुबि भ्याली
उमेर : ७४ वर्ष
उचाई : ५.५ फिट इन्च
अनुहारको बनोट : गोलो
वर्ण : गहुगोरो
बोलीचाली भाषा : नेपाली

**हराउँदा लगाएको पोशाक**

- सेतो सर्ट
- निलो पाईन्ट
- कालो ज्याकेट
- भाद गाउँले ढाका कालो टोपी

मानसिक सन्तुलन बिग्रेको अवस्थाको हुनाले उहालाई देख्नुहुने वा फेला पार्नुहुने व्यक्तिले नजिकैको प्रहरी चौकी अथवा तलका नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क व्यक्ति : पूर्ण थापा तामाङ ९८४३६३०९५४, ९८६९०८२१८८**

बालबालिकाको खानपान र स्वास्थ्यमा ध्यान दिऔं ।

- सन्तुलित र पौष्टिक आहार नियमित खुवाऔं,
- जंकफुड तथा अत्यधिक चिनी, नुन र तेलयुक्त खानेकुरा घटाऔं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- हात धुन र सरसफाइ गर्न सिकाऔं,
- पर्याप्त निद्रा र दैनिक खेलकुद/व्यायाममा प्रोत्साहन गरौं,
- मोबाइल/स्क्रिन समय सीमित गरौं,
- मानसिक स्वास्थ्य र सकारात्मक व्यवहारमा ध्यान दिऔं ।

स्वस्थ्य बालबालिका, उज्ज्वल भविष्यको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ